# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २२८ | काठमाडौं | बिहीबार, ०३ पुस २०८२ | Prabhab National Daily | Thursday, 18 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं**

अपाङ्गता भएका व्यक्तिलाई:
- शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- उनीहरूलाई दया होइन अधिकार दिऔं,
- नीतिगत निर्णयहरूमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्यरूपमा मनाऔं,
समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**


निर्वाचनप्रति संशय बढाउँदै प्रमुख दल

# कांग्रेस-एमालेको जोड प्रतिनिधिसभा ब्युँताउनमै



- कांग्रेस संस्थापनइतरका नेता डा शेखर कोइरालाले सरकारले विभिन्न बहाना बनाएर निर्वाचन टार्ने संकेत देखाइरहेको आरोप
- कांग्रेस-एमाले हौसिने गरी बुधबारमात्र प्रतिनिधिसभा विघटनविरूद्धको रिटमा सर्वोच्च अदालतले दियो कारण देखाऊ आदेश जारी
- निर्वाचनको वातावरण बनाउन सरकारद्वारा निर्वाचन आयोगलाई छ अर्ब ७३ करोड रूपैयाँको बजेट स्वीकृत

पाँच हजार कैदी अझै फरार छन् । लुटिएको हतियार फिर्ता भएको छैन । यस्तो अवस्थामा कसरी चुनाव हुन्छ भन्ने ? मलाई त सरकार नै इच्छुक छ कि छैन भन्ने डर लाग्न थालेको छ ।

**डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

निर्वाचन नभए एक किसिमको संकट आउन सक्छ । त्यसैले निर्वाचनको बाटोबाटै दलहरूले निकास खोज्नुपर्छ ।

**राम गुरुङ**
राजनीतिक विश्लेषक

**प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचन तोकिएकै समयमा सम्पन्न गराउन सरकार लागिरहँदा प्रमुख राजनीतिक दलहरू भने संशय हुनेगरी अघि बढेका छन् ।

विघटित प्रतिनिधिसभामा क्रमशः पहिलो र दोस्रो ठूलो दल रहेका नेपाली कांग्रेस र नेकपा एमालेले निर्वाचन हुने वातावरण नै तयार नभएको दाबी प्रस्तुत गरिरहेका छन् । बुधबारमात्र कांग्रेस संस्थापनइतरका नेता डा शेखर कोइरालाले सरकारले विभिन्न बहाना बनाएर निर्वाचन टार्ने संकेत देखाइरहेको आरोप लगाए ।


बुधबार विराटनगर पुगेका कोइरालाले सरकार निर्वाचन गराउन तयार नदेखिएको तर्क अघि सारेका हुन् । 'नेपाली कांग्रेसले चुनावमा भाग लिने भनेका छौं,' कोइरालाले भने, 'तर, पाँच हजार कैदी अझै फरार नै छन् । लुटिएको हतियार फिर्ता भएको छैन । एउटा पार्टीको अध्यक्षलाई झ्याली नछोड्न भनिएको छ । यस्तो अवस्थामा कसरी चुनाव हुन्छ भन्ने ? मलाई त सरकार नै इच्छुक छ कि छैन भन्ने डर लाग्न थालेको छ ।'

उनै नेता कोइराला प्रतिनिधिसभा पुनर्स्थापनाका लागि भन्दै कांग्रेसले थालेको हस्ताक्षरमा सामेल भएका छन् । यो अभियानमा कांग्रेस १३८ जनाको हस्ताक्षर पुऱ्याउने लक्ष्यमा देखिन्छ । एमालेका ७७ निवर्तमान प्रतिनिधिसभा सदस्यले हस्ताक्षर गरिसकेका र यसमा कांग्रेसले ६१ जना पुऱ्याउनुपर्ने कांग्रेस नेता घिमिरे बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

जाँचबुझ आयोगको तयारी

# ओली र लेखकसँग अर्को साता बयान







**भदौ २३ र २४ गते भएको घटनाको जाँचबुझ गर्न गठित आयोगका पदाधिकारीहरू र प्रधानमन्त्री सुशीला कार्कीबीच बुधबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेट ।**
*तस्बिर सौजन्य: प्रधानमन्त्रीको सचिवालय*

### आयोगले गर्न बाँकी

- तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसँग बयान लिन बाँकी, अर्को साता बयान लिने तयारी
- बयान सकिएपछि प्रतिवेदन तयार गरिने

### आयोग गठनपछि भएका काम

- असोज ५ गते आयोग गठन, ९ गतेदेखि जाँचबुझको काम थालनी
- जिल्ला भ्रमण गरेर क्षतिको विवरण संकलन
- विद्रोहको बेला फिल्डमा खटिएका प्रहरीहरूसँग बयान
- रास्वपा सभापति रवि लामिछानेसँग बयान
- आयोगका पदाधिकारीहरूद्वारा नक्खु कारागारको निरीक्षण
- तत्कालीन मुख्यसचिव एकनारायण अर्यालसँग बयान
- प्रधानसेनापति अशोकराज सिग्देलसँग बयान
- तत्कालीन उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख एवं हालका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीसँग बयान
- काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजाल, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुत्तराज थापालगायतसँग बयान
- ३०० भन्दा बढी उजुरी संकलन

"आयोगले कार्यादेशनुसार काम गर्दै छ । अब अन्तिम चरणतिर पुगेका छौं, संकेतिक केहीको बयान लिन बाँकी छ । बयान लिइसकेपछि प्रतिवेदन लेख्छौं र बुझाउँछौं ।"

**विज्ञानराज शर्मा**
प्रवक्ता, जाँचबुझ आयोग

**जेबी योञ्जन**

**काठमाडौं–** जेन-जी विद्रोहका क्रममा भएको मानवीय र भौतिक क्षतिको छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगले दुईवटा काममात्रै गर्न बाँकी छ । त्यो हो- तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकसँग बयान, अनि प्रतिवेदन लेखन । यी दुई कार्य सकेपछि आयोगले सरकारलाई प्रतिवेदन बुझाउने आयोगका प्रवक्ता विज्ञानराज शर्माले बताए ।

'आयोगले कार्यादेशअनुसार काम गर्दै छ । अब अन्तिम चरणतिर पुगेका छौं, संकेतिक केहीको बयान लिन बाँकी छ,' ओली र लेखकप्रति लक्षित गर्दै उनले प्रभावसँग भने, 'बयान लिइसकेपछि प्रतिवेदन लेख्छौं र बुझाउँछौं ।'

आयोगले अर्को साताभित्र तत्कालीन प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकसँग बयान लिने तयारी गरेको छ । प्रधानमन्त्री सुशीला कार्कीसँग बुधबार भेटवार्ता गरेपछि आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले भने, 'हामी सबैलाई बोलाउँछौं । अर्को हप्ता बोलाउँछौं । सबैलाई बोलाउँछौं । नआउनेहरूलाई के गर्ने भन्ने विषयमा पछि नै कुरा गरौंला ।'

आयोगसमक्ष बयान दिन ओली तयार छैनन् । उनले आयोगलाई नै असंवैधानिक भन्दै आएका छन् । कार्की आयोग पूर्वाग्रही बन्ने उनको टिप्पणी पनि छ । कारण, जेन-जी विद्रोहलगत्तै कार्कीले ओलीसहितका नेताहरूलाई बल प्रयोग गरेर नरसंहार मच्चाएको अभियोगमा जेल हाल्नुपर्ने प्रतिक्रिया दिएका थिए । उनै कार्की पछि जाँचबुझ आयोगका अध्यक्ष भए । त्यसपछि ओलीको यस्तो टिप्पणी आएको हो । तर, तत्कालीन गृहमन्त्री लेखकले भने ओलीले जस्तो आयोगप्रति कडा प्रतिक्रिया जनाएका छैनन् । यद्यपि, उनी पनि बयान दिन आयोगसमक्ष गएका छैनन् ।

यस्तोमा दुई नेतालाई पक्राउ गर्ने तयारी सरकारले गरिरहेको चर्चा छ । आयोग अध्यक्ष कार्कीको अभिव्यक्तिले पनि त्यस्तो संकेत गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## आयोगको म्याद एक महिना थपिने

सरकारले जेन-जी विद्रोहको जाँचबुझ गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको म्याद एक महिना थप्ने भएको छ । आयोगका अध्यक्ष गौरीबहादुर कार्कीसहितको पदाधिकारीले बुधबार भेटघाट गरेर म्याद थप गर्न माग गरेकोमा प्रधानमन्त्री कार्की सकारात्मक भएकी हुन् ।

प्रधानमन्त्रीलाई भेटेपछि आयोग अध्यक्ष कार्कीले भने, 'आयोगको म्याद सकिन लाग्यो । काम अझै बाँकी छ । हामी प्रधानमन्त्रीज्यूसँग त्यही कुराकानी गर्न आएको हौं । एक महिना म्याद थप्नुपर्छ । समय पुगेको छैन । प्रधानमन्त्रीज्यूले प्रस्ताव पठाउनू, थपिदिन्छु भन्नुभएको छ ।' कार्की आयोगको म्याद यही ९ पुसमा सकिँदै छ ।

सन्दर्भ: वैदेशिक रोजगार

# बोर्डको सीपमूलक तालिममा उठ्यो प्रश्न

- पाठ्यक्रम स्वीकृतिविनै तालिम सञ्चालन गर्दै आएको खुलासा
- तालिमको अनुगमन नै नभएको उल्लेख
- समितिले बोर्डलाई दियो १९ बुँदे सुझाव
- बोर्डको दाबी: छानबिन समितिको अध्ययन नै पुगेन




**ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा जाने कामदारलाई लक्षित गरेर सञ्चालन गर्दै आएको सीपमूलक तालिममाथि प्रश्न उठेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गठन गरेको छानबिन समितिले बोर्डबाट दिइँदै आएको तालिमको पाठ्यक्रम नै स्वीकृत नभएको पाइएको उल्लेख गरेको हो । उक्त समितिले बोर्डका विभिन्न समस्याहरू औंल्याउँदै सुधारका लागि सुझाव दिएको छ ।

रोजगारीमा जाने श्रमिकको तालिम सञ्चालन गर्दै आएका संस्थाहरूले वैदेशिक रोजगार ऐन २०६४ र यसको नियमावली, सार्वजनिक खरिद ऐन तथा सार्वजनिक नियमावलीमा भएका प्रावधानहरू उल्लंघन गर्दै अवैधानिकरूपमा प्रक्रिया अगाडि बढाएको भन्दै स्थगित गरी छानबिन अघि बढाउन माग गरेका थिए ।

तालिम प्रदायकहरूले तत्कालीन अवस्थामा श्रम मन्त्रालयको जिम्मेवारी सम्हालिरहेकी प्रधानमन्त्री सुशीला कार्कीलाई पत्र बुझाएपछि कार्कीको निर्देशनमा अध्ययनका लागि मन्त्रालयका सहसचिव गुरुदत्त सुवेदीको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भएको थियो । समितिले बोर्डलाई १९ बुँदे सुझाव दिएको छ । जसमा तालिमको पाठ्यक्रम स्वीकृति तथा तालिम प्रदायकको अनुगमन नभएको औंल्याइएको छ ।

यसैगरी वैदेशिक रोजगारीमा जाने व्यक्ति नै तालिममा सहभागी हुन्छ भन्ने सुनिश्चितता नभएको, वार्षिक कार्यक्रम तथा बजेट १० करोड रूपैयाँभन्दा बढीको खरिद गर्दा गुरुयोजना तर्जुमा गरी अधिकार प्राप्त सचिवबाट स्वीकृत नगराएको, तालिम प्रदान गर्ने सम्बन्धमा मन्यताप्राप्त संस्थासँग वार्ता नभएको, तालिम प्रदायक संस्था वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेम्स)मा आबद्ध नभएको, अधिकार प्राप्त सीमाभन्दा बढी रकम लागत अनुमान स्वीकृत गरेकोलगायतका समस्या छानबिन समितिले औंल्याएको छ ।

बोर्ड सदस्यले नै उठाए प्रश्न

बोर्डले दिँदै आएको तालिमका विषयमा विभिन्न संस्थाका साथै हालका बोर्ड सदस्यलेसमेत प्रश्न उठाएका छन् ।

क्रमशः पृष्ठ २ मा

## 'प्रतिवेदन एकपक्षीय भयो'



**डा. द्वारिका उप्रेती**
कार्यकारी निर्देशक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको छानबिन समितिले ल्याएको प्रतिवेदनमाथि वैदेशिक रोजगार बोर्डले असन्तुष्टि व्यक्त गरेको छ । बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले छानबिन समितिले एकपक्षीय प्रतिवेदन ल्याएको आरोप लगाए ।

समितिले औंल्याएका दुई-तीन वटा कुरामात्र यथार्थ रहेको तर अन्यमा अध्ययन नपुगेको उनको दाबी छ । बोर्डले सबै काम कानुनमै टेकेर गर्दै आएको उनले बताए । समानुपातिकरूपमा सबै संस्थाले तालिम दिन पाउनुपर्ने भन्ने संस्थाहरूको माग भए पनि कानुनतः त्यो सम्भव नभएको उप्रेतीको भनाइ छ । 'तालिम दिने भनेको नेपाल सरकारले तोकेका संस्थाहरूलाई हो । अहिलेको तालिम समानुपातिकरूपले सबैलाई बाँडिदिनु भन्ने छनोट नभएका संस्थाहरूको माग छ,' कार्यकारी निर्देशक उप्रेतीले भने, 'हाम्रो कानुनले त्यो गर्न मिल्दैन ।

क्रमशः पृष्ठ २ मा

# कतार उडे खगेन्द्रप्रसाद र रूद्रकली



**भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार दुई हात्ती कतार एयरवेजको बोइङ ७७७ एफ फ्रेटर कार्गो जहाजमा चढाउँदै ।**
*तस्बिर: रासस*

- कतार एयरवेजको कार्गो जहाजमार्फत बुधबार खगेन्द्रप्रसाद र रूद्रकली नामका दुई हात्ती भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कतार पठाइयो
- नेपाल सरकारले कतार सरकारलाई उपहारका रूपमा दिएको हो दुईवटा हात्ती

**लुम्बिनी–** नेपाल सरकारले कतार सरकारलाई उपहारका रूपमा दिएका दुईवटा हात्ती बुधबार कतार पठाइएको छ । चितवन सौराहाबाट सोमबार खोरसहितको ट्रक चढाएर भैरहवा ल्याइएका दुईवटा हात्तीलाई बुधबार कतार एयरवेजको कार्गो चार्टर विमानबाट कतार पठाइएको हो ।

कतार एयरवेजको उडान नम्बर क्युआर ८८२४ अन्तर्गतको बोइङ ७७७ एफ फ्रेटर कार्गो जहाजबाट बुधबार साँझ ५ बजे खगेन्द्रप्रसाद र रुद्रकली नामका दुई हात्ती भैरहवास्थित गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलबाट कतार पठाइएको हो । यसअघि २०८१ वैशाख ११ र १२ गते कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको नेपाल भ्रमणका क्रममा नेपाल सरकारले एक जोडी हात्ती कतारलाई उपहार दिने निर्णय गरेअनुसार ती हात्ती पठाइएको हो । चितवनस्थित सौराहामा रहेको हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोरमा हुर्किएर

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## ओली र...

ओली प्रधानमन्त्री र लेखक गृहमन्त्री भएका बेला २३ भदौमा भएको जेन-जी विद्रोहको क्रममा बल प्रयोग भएको थियो । त्यसदिन १९ जनाले प्रहरीको गोली लागेर ज्यान गुमाउनुपर्‍यो । त्यस दिन र २४ भदौमा गोली लागेर घाइते भएकामध्ये ७७ जनाको मृत्यु भयो । घाइतेको संख्या त्यसभन्दा बढी छ । आयोगले यसबारे नै ओली र लेखकसँग बयान लिन लागेको प्रवक्ता शर्मा बताउँछन् । आयोगले २४ गतेको विध्वंशबारे पनि जाँचबुझ गर्दै छ ।

आयोगले गत ९ असोजदेखि जाँचबुझको काम थालनी गरेको हो । आयोग गठन भने ५ असोजमा भएको हो । आयोगका प्रवक्ता शर्माका अनुसार हालसम्म सुरुमा जिल्ला भ्रमण गरेर क्षतिको संकलन गरेको थियो । त्यसपछि विद्रोहको बेला फिल्डमा खटिएका प्रहरीको विवरण माग र उनीहरूसँग बयान लिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने असुरक्षाको कारण देखाउँदै नक्खु कारागारदेखि बाहिर आएकोबारे पनि जाँचबुझ आयोगले उनीसँग बयान लिएको छ । आयोग पदाधिकारीहरूले उक्त कारागारको निरीक्षण भ्रमणसमेत गरेका छन् ।

तत्कालीन मुख्यसचिव एकनारायण अर्यालसँग बयान लिइसकेको छ । विद्रोहको बेला फिल्डमा खटिएका सेनाको विवरण माग्नेदेखि प्रधानसेनापति अशोकराज सिग्देलसँग पनि बयान लिएको छ । आयोगले उजुरी लिएको छ । हालसम्म ३०० भन्दा बढी उजुरी आयोगमा परेको छ । तत्कालीन उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख एवं हालका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीसँग आयोगले बयान लिइसकेको छ । काठमाडौं जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजाल, तत्कालीन गृहसचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुत्तराज थापासँग पनि बयान लिएको शर्माले बताए ।

आयोगलाई जेन-जी विद्रोहको क्रममा भएका भौतिक र मानवीय क्षतिको छानबिनसँगै घटना घट्नुका कारणबारे अध्ययन-विश्लेषण गरी प्रतिवेदनसहित सुझाव पेस गर्ने कार्यादेश छ । क्षतिसम्बन्धी सूचना वा निवेदन संकलन गरी आवश्यक कारबाहीका लागि राय दिने, यस्ता घटना पुनः दोहोरिन नदिन उपाय सुझाउने र प्रतिवेदनमा रहेका सुझाव कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना तयार गर्नेसमेत कार्यादेश रहेको छ ।

मंसिर अन्तिम साता भएको सरकार र जेन-जीबीचको समझदारीअनुसार आयोगको कार्यादेश थपिएको छ, जसअनुसार आयोगले विद्रोहको क्रममा अत्यधिक बल प्रयोगको परिणामस्वरूप घटित गैरन्यायिक हत्यालगायतका मानवअधिकार उल्लंघनसम्बन्धी आरोपहरूको विनाविभेद छानबिन गरी सत्य तथ्य खोज गरी फौजदारी जवाफदेहिता वहन गर्न सिफारिस गर्नुपर्ने भएको छ ।

विद्रोहको क्रममा भएको घटना र अन्य व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा संगठित तरिकाले गरेका हिंसात्मक कार्यहरूको विभेदलाई पूर्वाग्रहरहित रूपमा छुट्याएर छानबिन गरी प्रतिवेदन पेस गर्ने कार्यभार पनि आयोगको रहेको छ । कसैले आन्दोलनमा सहभागी भएकै कारण अनुसन्धान वा अभियोजनको दायरामा पारिएको छ भनी आन्दोलनकारी स्वयं वा निजको तर्फबाट अन्य कसैले अनलाइन, लिखित वा हटलाइनमार्फत उजुरी दिएमा सम्बन्धित निकायबाट विवरण झिकाइ त्यस आधारमा सम्झौता भएको मितिले १५ दिनभित्र आयोगले स्क्रिनिङ तथा छानबिन गर्नुपर्ने भएको छ ।

छानबिनबाट सम्बन्धित व्यक्ति ज्यान मार्ने कसुर वा सुनियोजित र संगठितरूपमा कुनै आपराधिक गिरोहद्वारा भएका हुनसक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएमा पछि जाँचबुझ आयोगको प्रतिवेदनबमोजिम हुनेगरी सो व्यक्तिलाई तत्काल हिरासत र थुनामुक्त गर्न र निजविरुद्ध दायर भएका मुद्दा फिर्ता लिन सरकारलाई सिफारिस गर्ने जिम्मेवारी आयोगको छ ।

■■■

## कांग्रेस-एमाले...

उनका अनुसार कांग्रेसका २९ जना निवर्तमान प्रतिनिधिसभा सदस्यले हस्ताक्षर गरिसकेका छन् । कांग्रेस एमाले हौसिनेगरी बुधबारमात्र प्रतिनिधिसभा विघटनविरुद्धको रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ । नेपाली कांग्रेसका निवर्तमान प्रमुख सचेतक श्यामकुमार घिमिरेसहितका नेताहरूले दायर गरेको रिटमाथि अदालतले कारण देखाऊ आदेश जारी गरेको हो ।

मंसिर २३ गते दायर भएको रिट बुधबार अदालतले प्रारम्भिक सुनुवाइमै सरकारसँग लिखित जवाफ माग गर्दै कारण देखाऊ आदेश दिएको छ । रिटमा राष्ट्रपतिको कार्यालयदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्वाचन आयोग र प्रतिनिधिसभाका सभामुखसम्मलाई विपक्षी बनाइएको छ ।

### सरकार निर्वाचनप्रति प्रतिबद्ध

सरकारले भने निर्वाचन गराउन वातावरण तयार गरिरहेको देखिन्छ । यसका लागि दलहरूसँग वार्ता गर्न उच्चस्तरीय संवाद समितिसमेत गठन गरिसकेको छ । उक्त समितिका संयोजकसमेत रहेका कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिल सिन्हाले निर्वाचन आयोगका पदाधिकारीसँग छलफलपछि सरकारले निर्वाचन सम्पन्न गराउन कुनै कसर बाँकी नराख्ने बताए ।

'सरकार निर्वाचन केन्द्रित काममा लागिसकेको छ । चुनावका लागि जनशक्ति, आर्थिक वा अन्य कुनै आवश्यक चिजको कमी छैन,' मन्त्री सिन्हाले भने । उनले निर्वाचनपछि दलकै सरकार आउने भएकोले दलहरूका लागि नै चुनाव अति आवश्यक रहेको बताए । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसमेत तोकिएकै समयमा निर्वाचन हुने बताउँछन् । 'एकले अर्कोलाई आक्षेप लगाएर मुक्त हुने अवस्था हुँदैन । यो गर्नैपर्ने विकल्पविहीन निर्वाचन हो । निर्वाचन फागुन २१ गते नै हुन्छ,' भण्डारीले सरकारसँग छलफलमा भने ।

यसैबीच निर्वाचनका लागि बजेट अपुग भएको भन्दै निर्वाचन आयोगको आग्रहलाई सरकारले सम्बोधन गरेको छ । अर्थ मन्त्रालयले प्रतिनिधिसभा निर्वाचनका लागि स्वीकृत बजेटलाई परिमार्जन गरेर वृद्धि गरेको हो । आयोगले निर्वाचनका लागि सात अर्ब ८१ करोड रूपैयाँ बजेट माग गरेकोमा चार अर्ब ९६ करोड रूपैयाँमात्र स्वीकृत गरेको थियो । यसबाट असन्तुष्ट आयोगले सरकारसँग पुनरावलोकनका लागि पत्राचार गरेको थियो । पछिल्लोपटक अर्थ मन्त्रालयले एक अर्ब ७७ करोड थपेर छ अर्ब ७३ करोड रूपैयाँको बजेट स्वीकृत गरेको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आयोगले मितव्ययी तरिकाले निर्वाचन खर्च गर्ने रणनीति लिएको छ ।

### निर्वाचन नभए संवैधानिक संकट

सरकारले जेन-जीहरूसँग गरेका विभिन्न सम्झौता हेर्दा सरकार नै निर्वाचन गराउन अनिच्छुक देखिएको राजनीतिक विश्लेषक राजेन्द्र प्रसाईं बताउँछन् । 'यो सरकारले खासमा निर्वाचन केन्द्रित भएर लाग्नुपर्ने हो । तर जेन-जीसँग विभिन्न सम्झौता गरिरहेको छ । यो सम्झौताहरू नयाँ सरकारले पूरा गराउन नसके अप्ठेरोमा पर्न सक्छ,' प्रसाईंले भने ।

निर्वाचनबाट बन्ने सरकारलाई जनता र अन्तर्राष्ट्रिय मान्यता पाउने भएकोले राजनीतिक निकास दिन राजनीतिक शक्ति पनि निर्वाचनमा लाग्नुपर्ने उनी बताउँछन् । 'निर्वाचनबाट बन्ने सरकारलाई जनताले पनि पत्याउँछन् र अन्तर्राष्ट्रिय मान्यता पनि पाउँछ,' प्रसाईंले भने, 'यसले देशलाई थप लोकतान्त्रिक चरणतर्फ प्रवेश गराउँछ ।' निर्वाचन कुनै परिणाम नभएर प्रक्रिया भएको उनी बताउँछन् ।

अर्का राजनीतिक विश्लेषक राम गुरुङ निर्वाचन नभए देश संवैधानिक संकटमा फस्ने बताउँछन् । जेन-जी विद्रोहका माग नै निर्वाचन भएको उल्लेख गर्दै देशमा निर्वाचनको वातावरण बनिसकेको अवस्थामा दलहरूले निर्वाचनबाटै निकास खोज्नुपर्ने बताउँछन् । 'निर्वाचन नभए एक किसिमको संकट आउन सक्छ । त्यसैले निर्वाचनको बाटोबाटै निकास खोज्नुपर्छ,' गुरुङले भने ।

■■■

## बोर्डको...

बोर्डले विगत तीन वर्षदेखि तालिम सञ्चालन गर्दै आएको छ । जसमा ७० देखि ७५ करोड रूपैयाँ खर्च भइसकेको बताइन्छ । चालु आर्थिक वर्ष २०८२/८३ मा बोर्डले दिने भनेको ३९० घण्टाको तालिमको पाठ्यक्रम नै स्वीकृत नभई एक्सप्रेसन अफ इन्ट्रेस्ट (इओआई) अघि बढेको बोर्ड सदस्य ललन तिवारीको आरोप छ ।

'स्किल टेस्टका लागि ३९० घण्टाको पाठ्यक्रममात्र कार्यान्वयन गर्ने भनेर बोर्ड बैठकमा निर्णय भएको थियो । त्यसपछि सरकारले ३९० घण्टाको तालिम सञ्चालन गर्ने भनेर बजेटमा पनि लेखियो । तर उक्त पाठ्यक्रमलाई बोर्ड बैठकबाट पास गर्नुपर्ने हो तर नगरी इओआई निकालेको छ,' तिवारीले भने ।

त्यस्तै, बजेटमै तालिमको प्रभावकारिता अध्ययनका लागि २० लाख रूपैयाँ छुट्याए पनि हालसम्म कुनै अध्ययन नभएको तिवारीको दाबी छ । तिवारीले बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले व्यक्तिगत फाइदाका लागि नियम कानुन मिचेर काम गरिरहेको आरोपसमेत लगाएका छन् । करोडौं खर्च गरिसकेपछि कति जना विदेश गए भनेरसम्म अध्ययन नभएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे ।

अघिल्लो आव २०८१/८२ मा झण्डै २० हजार जनालाई तालिम दिइएको थियो । जसमा ४० करोड रूपैयाँभन्दा बढी खर्च भएको देखिन्छ । उक्त तालिममासमेत वैदेशिक रोजगारीमा जाने प्रक्रिया पूरा भएकाहरूको नाम भरेर सो संख्या पुर्‍याएको आरोप बोर्डमाथि लागेको छ । बोर्डले चालु आर्थिक वर्षमा भने सात हजारलाई ३९० घण्टाको तालिम दिने जनाएको छ । विगतको जस्तै यसपटक पनि तालिम प्रदायक संस्थाको छनोटमा मिलेमतो भएको तिवारीको आरोप छ ।

'एउटा संस्थाले एक हजार जनालाई तालिम दिनेगरी सात वटा संस्थालाई जिम्मा दिने भनेर बोर्डले सूचना निकाल्यो । नेपालमा कुनै संस्थासँग २०० भन्दा बढी तालिम दिनसक्ने क्षमता छैन,' तिवारीले भने, 'यहाँ दुई जना व्यक्तिको आठ-नौ वटा संस्था छन् । कागजपत्र मिलाएर अमुक संस्थालाई फाइदा हुनेगरी सूचना निकालेको हो ।'

■■■

## प्रतिवेदन...

टेण्डरमा गएपछि ठूला र शक्तिशाली कम्पनीले नै पाउँछन् । सामाजिक हिसाबलेभन्दा उहाँहरूले भनेको सही हो । तर कानुनी हिसाबले त्यो कुरामा जान सक्दैनौं ।'

बोर्डले खुला टेण्डर आह्वान गरे पनि सरकारी संस्थाको चासो नभएकाले नआएको हुनसक्ने उनले बताए । त्यस्तै, तालिम लिएर पनि विदेश जान पाउँदिन भन्नु व्यक्तिगत कुरा भएको उप्रेतीको दाबी छ । बोर्डले वैदेशिक रोजगारीमा जान चाहनेहरूलाई भनेर तालिम दिइरहे पनि तालिम लिइसकेपछि उनीहरूको मानसिकता बदलिन सक्ने उनको जवाफ छ ।

'म वैदेशिक रोजगारीमा जान चाहन्छु भनेर तालिम लिनुहुन्छ । तालिम लिएपछि मानसिकता परिवर्तन हुन पनि सक्छ,' उप्रेतीले भने, '१०० जनालाई तालिम दिँदा सबै जना गए भने राम्रो । सय जना नै गएनन् र आन्तरिक रोजगारीमा भिजे भने त्यो झनै राम्रो ।' कानुनले विदेश हिँड्न ठिक्क परेको मान्छेले तालिम लिन हुन्न भन्ने नियम नबनाएको उनको जवाफ छ । तालिममाथि प्रश्न उठ्न थालेसँगै चालु आवको तालिमलाई निरन्तरता दिने या नदिने भन्ने विषयमा नवनियुक्त श्रममन्त्रीलेसमेत चासो देखाएको बुझिएको छ ।

■■■

## कतार उडे ...

तालिम पाएका रूद्रकली र खगेन्द्रप्रसाद नामका हात्ती कतारलाई दिन छनोट गरिएको थियो । सौराहास्थित हात्ती प्रजनन तथा तालिम केन्द्रमा जन्मिएर हुर्किएकामध्ये पोथी हात्ती रूद्रकली सात वर्षकी र भाले हात्ती खगेन्द्रप्रसाद पाँच वर्षका थिए ।

कतार सरकारलाई उपहारस्वरूप दिने घोषणा गरिएका दुवै हात्तीलाई बुधबार भैरहवा विमानस्थलमा कतार सरकारलाई हस्तान्तरण गरिएको थियो । दुवै हात्तीलाई सयपत्रीको माला र अबिरले बिदाइ गरिएको थियो । बुधबार साँझ ५ बजे हात्ती लिएर कतार एयरवेजको कार्गो विमान भैरहवाबाट उडेको थियो ।

वन्यजन्तुसम्बन्धी अन्तर्राष्ट्रिय कानुन एवं नेपालको प्रचलित कानुनबमोजिमको साइटिस प्रमाणपत्र, स्वास्थ्यसम्बन्धी प्रमाणपत्रलगायत आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी विमानस्थलबाट विशेष कार्गो विमानबाट कतारको राजधानी दोहा पठाइएको हो । आज (बिहीबार) कतारले आफ्नो राष्ट्रिय दिवस मनाउँदै छ । यस उपहारले नेपाल र कतारबीचको सम्बन्ध थप मजबुत बनाउने विश्वास गरिएको छ ।

कतार उड्नुअघि विमानस्थल कार्यालयमा नेपाल सरकारका अधिकारी र नेपालस्थित कतार दूतावासका अधिकारीको उपस्थितिमा हात्ती हस्तान्तरण गरिएको थियो । नेपाल सरकार वन मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले कतार दूतावासका डेपुटी चिफ अफ मिसन खालिफा अल्मारीलाई हात्ती हस्तान्तरण गरेका थिए ।

त्यस अवसरमा सचिव मिश्रले नेपालले कतारलाई हात्ती उपहार दिनुले कूटनीतिकसम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गरे । कतार दूतावासका डेपुटी चिफ अफ मिसन अल्मारीले नेपालले कतारलाई हात्ती उपहार दिएकोमा खुसी व्यक्त गर्दै नेपाललाई धन्यवाद दिए । *रासस*

## 'अनुसन्धान शोधवृत्ति'का लागि आह्वान

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले 'अनुसन्धान शोधवृत्ति'का लागि १० वटा विषयमा शोधकर्तालाई आह्वान गरेको छ । एकीकृत, सन्तुलित र सर्वांगीण महानगर निर्माणमा अनुसन्धान गर्न उक्त आह्वान गरिएको हो । अनुसन्धानको परिणामसँग नीतिगत निर्णयको सम्बन्ध, कार्यान्वयन वा उपयोगिता, पूर्वाधार तथा सामाजिक विकासमा आधारित परिणाम, आवश्यकतामा आधारित परियोजनाजस्ता विषयलाई प्राथमिकतामा राखेर यस वर्ष अध्ययनका विषय छनोट गरिएको कामपा सहरी योजना आयोगका सहायकविज्ञ विवेक बाँस्तोलाले जानकारी दिए ।

विज्ञ बाँस्तोलाका अनुसार अनुसन्धानबाट प्राप्त तथ्यले काठमाडौंको सन्तुलित, एकीकृत र सर्वांगीण विकासका लागि सहयोग गर्ने छ । सो तथ्य कामपाले तर्जुमा गर्ने नीति, योजना तथा कार्यक्रम र बजेट विनियोजन प्रक्रियालाई तथ्य र आवश्यकतामा आधारित बनाउनमा प्रयोग गरिने छ । महानगरले इतिहास, कला, संस्कृति, परम्परा, भाषा, साहित्य, सहरी योजना, सहरी डिजाइन, वास्तुकला, यातायात, भौतिक पूर्वाधार, जनसांख्यिकीय, समाजशास्त्रीय वा मानवशास्त्रीय अध्ययनलगायत विषयलाई प्राथमिकतामा राखेर विषयगत ज्ञान, अनुभव र विशेषज्ञता हासिल गरेका विज्ञहरूबाट अनुसन्धान गराउँदै आएको छ ।

यस वर्षका लागि कामपाले सहरी सुशासन र विश्वव्यापी प्रतिस्पर्धा, महानगरको पहिचानमा सांस्कृतिक विविधता, गुणस्तरीय सहरी बसोबास, आर्थिक समृद्धिका लागि नवप्रवर्तन, सहरी यातायात प्रणालीको पूर्वाधार, वातावरण, जलवायु र उत्थानशीलता, सामाजिक समावेशीकरण र समता, शिक्षा तथा सांस्कृतिक आदानप्रदान, सुरक्षा, स्वास्थ्य र कल्याण र तथ्यांकमा आधारित अनुगमन मूल्यांकन प्रणालीको संस्थागत विकासलाई क्षेत्रगत शोध विषयका रूपमा चयन गरेको छ ।

### बिमालेख हरायो

मिति २०८२/०७/२८ गते काठमाडौंबाट सिन्धुपाल्चोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : दिपिका रसाइली**
**ठेगाना : बाह्रबिसे-२, सिन्धुपाल्चोक**
**बिमालेख नं.: २५३९०११४८**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०६१२६७**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/०३ गते**

यस कम्पनीको मिति २०८२/०७/२६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **करियर वेभ्स एजुकेशनल कन्सलटेन्सी**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **करियर वेभ्स ट्रेडर्स (प्रा.लि.नं. २१३००२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मितिः २०८२/०८/०६ गते काठमाडौं जिल्ला, चावहिलबाट सामाखुसी जाने क्रममा मेरो निम्न व्यहोरा भएको त्रिभुवन विश्वविद्यालयबाट जारी माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**Name: Basu Dev Pokhrel**
**Serial no. 36407**
**Registration No. 12176-85**
**Address: Kathmandu**
**Contact: 9851091737**

### बिमालेख हरायो

मिति २०८२/०७/२८ गते काठमाडौंबाट सिन्धुपाल्चोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : कुमार रसाइली**
**ठेगाना : बाह्रबिसे-२, सिन्धुपाल्चोक**
**बिमालेख नं.: २५३९०१२६९**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०६१२६७**

### माइग्रेशन सर्टिफिकेट हराएको

मिति २०८२/०६/२६ गते बालाजु, माछापोखरी देखि बानेश्वर जाने क्रममा मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क राखिदिनु हुन अनुरोध गर्दछु ।

**नाम थर : राहुल मल्ल**
**सिम्बोल नं. : २४९००७८३**
**दर्ता नं. : ८०५४९००५०४०७**
**ठेगाना : माछापोखरी, बालाजु**
**सम्पर्क : ९७६४६०५०४८**

### सम्झौता अनुसार बहाल रकम तिर्ने र घर खाली गर्ने बारेको सूचना

तपाई कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा दर्ता रहेको राइट पाथ इन्टरनेशन प्रा.लि. (प्रा.लि. नं.३०४७६०/०७९/०८०) का संचालक हाकिम रायले म अशिम शाक्यको ललितपुर महानगरपालिका वडा नं.१०, कि.नं.१८६ र १८७ को घर मिति २०८१।०१।०१ मा सम्झौता गरि बहालमा लिएकोमा सो बमोजिम बहाल रकम नदिई सम्झौता अनुसारको कार्य नगरेको र सम्पर्क हिन भएकोले सम्झौताको शर्त नं.७ बमोजिम उक्त सम्झौता पत्र रद्द गरिएकोछ । घर म आफैलाई आवश्यक समेत रहेको हुँदा सम्झौता बमोजिमको घरखाली हुने दिन सम्मको बाँकी बहाल रकम आजको मितिले ३५ दिन भित्र बुझाई घर खाली गर्न र सो अवधि भित्र बहाल रकम तिरी घर खाली नगराए कानून बमोजिम घर खाली गराउन र बहाल रकम असुल उपर गर्नको लागी कानुन बमोजिमको कारबाही अगाडी बढाउने ब्यहोराको तपाईको नाँउमा यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**अशिम शाक्य**
**ललितपुर महानगरपालिका वडा नं. १०**

### बिमालेख हरायो

मिति २०८२/०७/२८ गते काठमाडौंबाट सिन्धुपाल्चोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : दिल बहादुर कामी**
**ठेगाना : बाह्रबिसे-२, सिन्धुपाल्चोक**
**बिमालेख नं.: २५३९०१२६८**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०६१२६७**

### बिमालेख हरायो

मिति २०८२/०७/२८ गते काठमाडौंबाट सिन्धुपाल्चोक जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : अजय रसाइली**
**ठेगाना : बाह्रबिसे-२, सिन्धुपाल्चोक**
**बिमालेख नं.: २५३९०११४६**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०६१२६७**

### अत्यन्तै जरूरी सूचना !

**प्रकाशित मिति २०८२/०९/०३ गते, बिहीबार**

***सर्वसाधरण र सुरध्वज कटुवालको नाति, हर्क बहादुर कटुवालको छोरा जिल्ला ओखलढुंगा सविक विगुटार गा.वि.स.वडा नं.८ परिवर्तित सिद्धिचरण न.पा.वडा नं.७ स्थायी वतन भएको वर्ष ६७ को बल बहादुर कटुवालको नाममा जारी भएको अत्यन्त जरुरी सूचना ।***

तपाई बल बहादुर कटुवालले म जग्गा धनी विशाल निरौलासँग मेरो नाममा रहेको जिल्ला भक्तपुर दुवाकोट गा.वि.स.वडा नं.६ (घ) कि.नं.१७८८ को क्षे.फ.१-०-०-० (एक रोपनी) पुरै जग्गा मूल्य प्रतिआना रु.१४,५०,०००/- (अक्षरेपी चौध लाख पचास हजार रूपैया) का दरले खरिद गर्न भनी मिति २०८२ साल असार महिना १ गतेका दिन टोकन बैना दिई ३ महिनामा जग्गा पास गरी लिने सहमति भएकोमा ६ महिना बितिसक्दा पनि जग्गा पास गरी लिन कुनै चासो नदेखाई सम्पर्क नगरेको, यसै बिचमा गणेश घतानी नाम गरेका व्यक्तिलाई मेरो जग्गा देखाई रु.२२,००,०००/- (अक्षरेपी बाइस लाख रूपैयाँ) बैना लिई सम्पर्क बिहिन हुनु भएको भनी कागज नै मैले पीडित मार्फत प्राप्त गरेको र अन्य मानिसलाई पनि मेरो नामको जग्गा देखाई पास गर्ने जिम्मा भयो, मैले बैना गरेको छु भनी आश्वासन देखाई, मबाट लगेको सक्कल पूर्जा समेत देखाई ठगीधन्दा गर्ने गरेको सूचना पाएकाले र ३ महिनाको बैनाको समय अवधि समेत समाप्त भई ६ महिना नाघिसकेकाले तपाई बल बहादुर कटुवालसँग भएको बैना सम्झौता आजैका मितिबाट बदर भएको जानकारी यसै सूचना मार्फत गराउछु, । साथै तपाईले मेरो जग्गा देखाई अन्य मानिससँग बैना लिने कार्य गरेमा कानून बमोजिम कार्वाही हुने व्यहोरा समेत जानकारी गराउँदछु । पुनश्चः सर्वसाधरण नागरिकहरूलाई मेरो माथि उल्लेखित जग्गा देखाई ठगी गर्ने सम्भावना भएकाले कोही कसैले पनि निज बल बहादुर कटुवालसँग माथि उल्लेखित जग्गाको कारोबार नगरी ठगीबाट जोगिन हुन अनुरोध गर्दछु ।

**प्राथी**
विशाल निरौला (जग्गाधनी)
मो.नं.९८४२७१२१२५

### बागमती प्रदेश सरकार
**वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय राप्ती**
**मनहरी, मकवानपुर**

#### बोलपत्र प्रकृयाद्वारा काठ, दाउराको लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/०३)**

यस कार्यालयको कार्यक्षेत्र अन्तरगत मनहरी ६, मकवानपुर स्थित नेपाली सेना (सुनाचरी व्यारेक), सुपारीटार व्यारेक, मनहरी गाँउपालिका निर्माण स्थल र डिभिजन वन कार्यालय अन्तर्गत रुखहरू कटान मुद्दान गरी उत्पादन भई मनहरी-६ स्थित विभिन्न स्थानमा घाटगद्दी गरिएको लट.नं. १ साल समेतको गोलिया थान १०८ को ६७२.१४ क्यू.फि. काठ र साल समेत जातको जम्मा २.७७ चट्टा दाउरा लिलाम बिक्र गर्ने कार्य शिलवन्दी बोलपत्र प्रकृयाबाट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण तथा सुचिकृत भएका गोलिया काठ चिरान गर्ने स:मील र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फारम खरिद गरी २२ औं दिनको १:०० बजे उल्लेखित लटको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी पुर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको हुँदा यस सम्बन्धी जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।


### कुवेतमा रोजगार
कम्पनी : AL DIYAR PUBLIC FACILITIES MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 335193 | चलानी नं. ६०२४८८८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT | 80 | 0 | 135 | ६४,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners (Indoor) | 60 | 50 | 85 | ४०,०३५ | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 15 | 0 | 150 | ७१,१८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

### साउदीमा रोजगार
कम्पनी : IBRAHIM SURUR ALSHAHRANI Café
पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | LT. No.335144 | चलानी नं. ६०२४८८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food & beverage (restaurant) | 2 | 0 | 1200 | ४६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

### ओमनमा रोजगार
कम्पनी : BASMA AMAL TOUCHES
पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 335179 | चलानी नं. ६०२४८८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | hairdresser | 0 | 1 | 170 | ६४,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | beautician/manicurist/pedicurist/makeup/hairstylist/hena | 0 | 1 | 170 | ६४,३८० | | | | | | | |
| 3 | general beautician | 0 | 1 | 170 | ६४,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/ 4589323, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४

### साउदीमा रोजगार
कम्पनी : DRIP COFFEE CAFÉ FOR SERVING MEALS
पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335328 | चलानी नं. ६०२४८८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 2 | 0 | 1500 | ५८,२२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

### कुवेतमा रोजगार
कम्पनी : ONE SHARQ ADVANCED GENERAL TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 330321 | चलानी नं. ६०२४४१२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 4 | 0 | 130 | ६०,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner General | 2 | 3 | 110 | ५०,९३१ | | | | | | | |
| 3 | Life Guards | 3 | 0 | 150 | ६९,४५१ | | | | | | | |
| 4 | Maintenance Technician | 4 | 0 | 200 | ९२,६०२ | | | | | | | |
| 5 | Receptionist | 0 | 2 | 150 | ६९,४५१ | | | | | | | |
| 6 | Room Attandants | 3 | 3 | 130 | ६०,१९१ | | | | | | | |
| 7 | waiter/waitress | 2 | 2 | 140 | ६४,८२१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# राष्ट्रसंघ प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्नेमा प्रधानमन्त्रीको जोड



**काठमाडौं (प्रस)**– प्रधानमन्त्री सुशीला कार्कीले जलवायु परिवर्तन र विश्वव्यापी तनावजस्ता नयाँ चुनौतीलाई सामना गर्न संयुक्त राष्ट्रसंघ प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिएकी छन् ।

संयुक्त राष्ट्रसंघसँग नेपालको साझेदारीको ७०औं वार्षिकोत्सवका अवसरमा बुधबार यहाँ आयोजित समारोहमा राष्ट्रसंघले नेपालमा शान्ति, विकास र मानवअधिकार प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको उनको भनाइ छ ।

प्रधानमन्त्री कार्कीले विश्व शान्ति कायम गर्न र नेपाली जनताको जीवनस्तर उकास्न संयुक्त राष्ट्रसंघले पुऱ्याएको सहयोगप्रति आभार व्यक्त गरिन् । उनले नेपाल संयुक्त राष्ट्रसंघको सशक्त र विश्वसनीय साझेदारका रूपमा निरन्तर रहने प्रतिबद्धता जनाइन् ।

सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेदेखि नेपालले संयुक्त राष्ट्रसंघको बडापत्रका सिद्धान्त पालना गर्दै आएको प्रधानमन्त्री कार्कीले स्मरण गराइन् । संयुक्त राष्ट्रसंघको शान्ति सहयोग अभियानमा सबैभन्दा धेरै सैनिक योगदान गर्ने देश नेपाल भएको बताउँदै उनले शान्तिपूर्ण विश्वप्रति नेपाल प्रतिबद्ध रहेको स्पष्ट पारिन् ।

सो अवसरमा प्रधानमन्त्री कार्कीले आगामी फागुन २१ गते हुने निर्वाचन समयमै र सफलतापूर्वक सम्पन्न गरिने विश्वास दिलाइन् । निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको र सुरक्षा अवस्था उल्लेखनीयरूपमा सुधार भएको उनले जानकारी दिइन् । साथै, उनले सन् २०२६ सम्ममा नेपाल 'अति कम विकसित मुलुक' को सूचीबाट स्तरोन्नति हुने विश्वास व्यक्त गर्दै यस उपलब्धिलाई दिगो बनाउन संयुक्त राष्ट्रसंघको निरन्तर साझेदारी, लगानी र प्रविधिगत सहयोग आवश्यक रहेको बताइन् ।

परस्पर निर्भर विश्वमा बहुपक्षीय सहकार्य अपरिहार्य भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले संयुक्त राष्ट्रसंघसँगको सहकार्यलाई नेपालले अझ सुदृढ बनाउँदै अघि बढ्ने विश्वास दिलाइन् ।

राष्ट्रियसभा निर्वाचन

# तोकियो मतदानस्थल र केन्द्र

■ प्रभाव संवाददाता



**काठमाडौं**– निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि मतदानस्थल र मतदान केन्द्र तोकेको छ । आयोगले बुधबार सातवटै प्रदेशका लागि मतदानस्थल निर्धारण गरिएको सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

'आयोगले सातवटै प्रदेशको राजधानी रहेका जिल्लामा मतदानस्थल रहनेगरी स्थान तोकिसकेको छ, तोकिएका मतदानस्थलमा दुई-दुई वटा मतदान केन्द्र रहने व्यवस्था मिलाइएको छ,' उनले भने ।

निर्वाचनमा प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचन मण्डलले मतदान गर्ने व्यवस्था रहेको छ । मतदान केन्द्र 'क' प्रदेशसभाका सदस्यका लागि र मतदान केन्द्र 'ख' गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि तोकिएको छ ।

'कोशी प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, विराटनगर मोरङ, मधेस प्रदेशको महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुर उपमहानगरपालिका वडा ४ धनुषा, बागमती प्रदेशको भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा उपमहानगरपालिका-४ मकवानपुर, गण्डकी प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, पोखरा कास्कीमा प्रदेशको मतदान केन्द्र तोकिएको छ,' आयोगले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

त्यसैगरी, आयोगले लुम्बिनी प्रदेशको कर्मचारी मिलन केन्द्र, घोराही, दाङ, कर्णाली प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, वीरेन्द्रनगर, सुर्खेत र सुदूरपश्चिम प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, धनगढी, कैलालीमा तोकिएको जानकारी दिएको छ ।

# टोखा नगरपालिकामा 'श्रम डेक्स' स्थापना




**काठमाडौं (प्रस)**– काठमाडौंको टोखा नगरपालिकामा 'श्रम डेक्स' स्थापना गरिएको छ । टोखाले श्रमिकहरूको हक, हित र अधिकारको रक्षाका लागि मंगलबारदेखि 'श्रम डेक्स' स्थापना गरी सञ्चालनमा ल्याएको हो ।

उक्त डेक्सको टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले शुभारम्भ गरे । कार्यक्रमा बोल्दै उनले नगरभित्र रहेका श्रमिकको हक, हित र अधिकारको रक्षाका लागि टोखा नगरपालिकाले श्रम डेस्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम डेक्स स्थापना गरेको जानकारी दिए ।

नगरपालिकाले श्रम डेक्सबाट श्रमिकको पञ्जीकरण गरी परिचयपत्र वितरण गर्ने, श्रमिकहरूका उजुरी तथा गुनासोको सुनुवाइ गर्ने, श्रमिक तथा रोजगारदाताबीचमा असल सम्बन्ध स्थापित गर्ने, रोजगारदातालाई जिम्मेवार बनाउँदै श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने, श्रम अनुगमन तथा निरीक्षण प्रणालीको विकास गर्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमल भट्टराईले जानकारी दिए ।

टोखाले नगरपालिकाभित्र रहेका अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई श्रम डेस्कमा सम्पर्क गरी सूचीकृत हुन आउनसमेत अनुरोध गरेको छ । टोखाले श्रम डेक्स स्थापना गरेर श्रमिकको हकहितको लागि गरेको कार्य प्रशंसनीय रहेको श्रमिक संघ संस्थाहरूले बताएका छन् ।


## हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको

### वार्षिक साधारण सभा बस्ने सूचना

मिति २०८२ मंसिर १४ (तदनुसार ३० नोभेम्बर २०२५) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको ४४औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

मिति : २०८२ पौष ९ गते (२४ डिसेम्बर २०२५) बुधबार ।

समय : सांझ ७:०० बजे ।

स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौं ।

**छलफलका विषयहरु :**

**सामान्य प्रस्तावहरु :**

१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको ३२ आषाढ २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम लाभांश स्विकृत गर्ने ।
४. व्यवसायीक सामाजिक जिम्मेवारीका लागी छुट्याइएको रकम अनुमोदन गर्ने ।
५. कम्पनी ऐनको दफा ७८ अन्तर्गतको प्रतिवेदन र उद्घोषण प्रस्तुत गर्ने ।
६. संचालकहरुको पारिश्रमिक अनुमोदन गर्ने ।
७. आर्थिक वर्ष २०८२/८३ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
८. विविध ।

**विशेष प्रस्तावहरु :**

१. हकप्रद शेयर जारी गर्ने बारे ।

**नोट :** साधारण सभा तथा लाभांश वितरण प्रयोजनका लागि कम्पनीको शेयर दर्ता पुस्तिका मिति २०८२ पौष १ गते एक दिनका लागि बन्द गरिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## मेधा बचत तथा ऋण सहकारी संस्था लि.

Medha Saving and Credit Co-operative Ltd.

### साधारण सभा सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२/०९/०२**

मेधा बचत तथा ऋण सहकारी संस्था लि.को **बाह्रवौं वार्षिक साधारण सभा मिति २०८२ पुस २५ गते शुक्रबार**का दिन **सिमा पार्टी प्यालेसमा** दिनको ११:३० हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई उपस्थितिको लागि अनुरोध छ ।

**(वृस्तृत जानकारी संस्थाको सूचना पाटीमा टाँस गरिएको छ)**



आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो !
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो !!

## भावपूर्ण श्रद्धाञ्जलि



जन्म मिति
२०२९ भाद्र ६ गते

स्वर्गारोहण मिति
२०८२ मङ्सिर २० गते

### स्व. रिता थापा

**नेपाल पत्रकार महासंघ ललितपुर शाखाका**
सदस्य श्री टेकबहादुर थापाका धर्मपत्नी तथा छोरा आर्यन र छोरी क्रिष्टिना थापाको ममतामयी माता **स्व. रिता थापा**को २०८२ मंङ्सिर २० गते शनिबारका दिन अल्पायूमै स्वर्गारोहण भएको आज **१३औं दिनको पुण्यतिथि**मा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जलि** अर्पण गर्दछौं ।
उहाँको निधनले नेपाल पत्रकार महासंघ ललितपुर शाखा मर्माहत भएको छ ।
साथै यस दुःखद् घडीमा इश्वरले परिवारजनलाई धैर्यधारण गर्ने शक्ति प्रदान गरून् ।

**नेपाल पत्रकार महासंघ**
**ललितपुर जिल्ला शाखा परिवार**
**ललितपुर**



## Kalinchok Rural Municipality
## Office of the Rural Municipal Executive
**Sunkhani, Dolakha**
**Bagmati Pradesh Nepal**

### Invitation for Bids

**First Date of publication : 2082.09.03 (18 December 2025)**

1. Kalinchok Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the following project as stated below under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Eligible Bidders may obtain the the Bidding Documents at the office of Kalinchok Rural Municipality,Office of the Rural Municipal Executive, Sunkhani, Dolakha or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Name of project | Contract no. | Estimated amount excluding Vat and PS (Rs) | Bid Security Amount, NRs. | Bid purchase amount amount, NRs. | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | Procurement of Supply And Delivery of Agricultural Equipments | KRM/NCB/ Goods/Dolakha/ 05/2082/083 | 50,00,000.00 ( Non vatable and PS item ) | 1,45,000.00 | 3,000.00 | 18h January 2026 at 1:00 PM |
| 2 | Soti- Padekhola- Sunkhani Sinchai, Ward no 08 | KRM/NCB/ Works/Dolakha/ 10/2082/083 | 58,18,490.04 | 1,74,000.00 | 3000.00 | 18h January 2026 at 1:00 PM |
| 3 | Tham Beshi Sinchai yojana kalinchok gaupalika 05 | KRM/NCB/ Works/Dolakha/ 11/2082/083 | 21,11,877.92 | 63,000.00 | 3000.00 | 18h January 2026 at 1:00 PM |

For further information: website : kalinchowkmun.gov.np

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## विद्युतीय मतदानमा पूर्वतयारी नहुँदाको परिणाम

**डिजिटल युगको प्रवेशसँगै विश्वमा कतिपय काम मेसिनबाटै फत्ते हुन्छ। विश्वका विकसित मुलुकमा मतदान पनि मेसिनबाटै हुन थालेको वर्षौं भयो । नेपालमा भने केही कम्पनीले यो प्रक्रिया थालेको छ । यस्तै मध्येमा एक हो, रामलक्ष्मण इनोभेसन प्रालि । सीमित स्रोतसाधनका बाबजुद् रामलक्ष्मण इनोभेसनले विभिन्न समयमा मतदानमा आफ्नो मतदान प्रणाली प्रयोग गर्दै आएको छ ।**

**यसपटक नेकपा एमालेको ११औं महाधिवेशनको मतदान प्रणाली यही कम्पनीले पाएको छ । उसो त यो कम्पनीले चार वर्षअघि एमालेको चितवन महाधिवेशनमा पनि यो जिम्मेवारी सम्हालेको थियो । त्यतिबेला करिब सात घण्टामा सकाएको मतदान यसपटक भने निकै ढिलासुस्ती भएको छ । झण्डै एक घण्टामा १०० जना प्रतिनिधिलेमात्र मत खसाल्न सकिरहेका छन् । यो हिसाबले दुई हजार २६३ प्रतिनिधिलाई मत हाल्न २३ घण्टा लाग्ने पक्का भएको छ । यही गतिमा मतदान चल्ने हो भने बुधबार बिहान ९ बजेबाट सुरु भएको मतदान आज बिहान ८ बजेमात्र सकिने देखिन्छ ।**

**किन यसरी ढिला भइरहेको छ त मतदान ? एमाले महाधिवेशनका लागि गठन भएको निर्वाचन आयोगले मतदातामा डिजिटल साक्षरता नहुँदा मतदान ढिलाइ भइरहेको बताएको छ । कोही प्रतिनिधिले नौ मिनेटमा मतदान सक्काउँदा कोहीलाई भने दुई घण्टा नै लागेको देखिन्छ । यसको मुख्य कारण प्रक्रियाको समस्या देखिन्छ । यो महाधिवेशनमा ६०२ जना उम्मेदवार छन् । यसमा ३०१ जना केन्द्रीय कमिटी र विभिन्न विभागका उम्मेदवार छन् ।**

**केही केन्द्रीय सदस्य निर्विरोध चयन भए पनि मेसिनको सूचीमा चढाइएको नाममा तोकिएको उम्मेदवारको संख्या जति छ उतिमै कोरम नपुगे मतदान 'सबमिट' नै नहुनेगरी प्रणाली बनाउँदा ढिलासुस्ती भएको देखिन्छ । जस्तोः एमालेमा पाँच जना उपाध्यक्ष छन् । कतिलाई लाग्न सक्छ पाँचमध्ये दुईलाई मात्र मत दिउँ । तर भोटिङ मेसिनमा पाँच जनालाई मत नदिई सबमिट गर्न नपाउने प्रणाली राखिएको छ । त्यसैगरी ७२ जना खुला केन्द्रीय सदस्यको कोटा छ । यी मध्ये आफूले चिनेका वा १०–२० जनालाई मात्र मत दिएर सबमिट गर्ने व्यवस्था हुनुपर्नेमा ७२ जनालाई नै मत हालेपछि मात्र प्रणालीले स्वीकार गर्ने व्यवस्था गरिएको छ । जसकारण पनि मतदान निकै ढिला भएको हो ।**

**कागजी मतपत्रमा यस्तो विषय बाध्यकारी हुँदैन थियो । यसबारे मेसिनमा नाम फिट गर्दा नेताहरूले सोच्नुपर्ने थियो । नसोच्दा र पूर्वतयारी नगर्दा मतदानका लागि प्रतिनिधिले अनिँदो त बस्नुपरेको छ नै एमालेलाई पनि आर्थिक बोझ थपिने भएको छ । प्रविधिको प्रयोग गरेर 'स्मार्ट' देखाउन खोजिएको महाधिवेशन उल्टै टाउको दुखाइ बनेको छ । यो पूर्वतयारीमा भएको कमजोरीकै कारण हो । यो घटनाबाट सबैले पाठ सिकून् ।**

# गाउँ रित्ता, सहरमा अराजकता



रिसव गौतम

हिजोआज देशको सुदूर गाउँहरु बस्नलायक भइरहेका छन् । गाउँ-गाउँमा मोटरबाटो पुगेको छ । सञ्चार र शिक्षालयहरु पुगेका छन् । तर मान्छेहरु भने गाउँबाट नै भागिरहेका छन् । गाउँले मान्छे खोजेको छ, मान्छेहरु गाउँबाट सहर र सहरबाट देशै छाडेर भागिरहेका छन् । यो सबै कुशासनको परिणाम हो । ...गाउँमा मान्छेहरु अडिन त्यहाँ रोजगारी र आम्दानी हुनेगरी वातावरण बन्न सक्नुपर्छ । अनिमात्र गाउँ रित्तिने छैन र छोडेर गएकाहरु फर्कने छन् ।

'गाउँसँगै विद्यालय पनि रित्तिँदै'- गत मंसिर ९ गतेको गोरखापत्र दैनिकको प्रथम पृष्ठमा प्रकाशित सामाचार हो यो । हुन त यो समाचारले अहिलेको शासन, प्रशासन र राजनीतिलाई के पो सरोकार राख्ला र ! कसले पो सुन्ला देशको दुर्दान्त कथाहरू । त्यसमाथि हालैको जेन-जी विद्रोह, त्यसपछिको ट्र्याकबाहिरको राजनीति, दलहरूबीचको टकराब, वैमनस्यता, दिनहुँको आन्दोलन, अराजकता र अशान्तिको मौसममा ती समाचारहरू कसलाई के सरोकार ? उद्योगधन्दा बन्द हुने र राजनीतिक दलहरू खुल्ने अनि नयाँ-नयाँ रंगी-विरंगी नेताहरू जन्मने मौसममा ती समाचारको के अर्थ ?

तर सो समाचारको अन्तर्यकथाले सोचमग्न आमनेपालीलाई पिरोल्छ । समाचारमा भनिएको छ, 'गाउँ छोडेर अधिकांश मानिस बालबच्चा बोकेर भारत पलायन हुँदा बैतडीका ११४ वटा आधारभूत विद्यालय बन्द हुँदै छन् ।' गत वर्षको तुलनामै बैतडी जिल्लाका सामुदायिक विद्यालयमा झण्डै आठ हजार विधार्थी घटेका छन् । खासगरी बेरोजगारीकै परिणामस्वरूप त्यसरी मानिसहरू गाउँबाट घरै ताल्चा लगाएर बाहिरिएका छन् । पहाडी जिल्लाहरूमा त त्यसरी बाहिरिनेहरूले घरै नफर्कनेगरी छाडेर हिँडेका छन् । एउटा जिल्लाकै अवस्था यस्तो छ भने पूरै देशको अवस्था र कथाको अन्तर्य कस्तो होला ? कसले गर्ने त्यसको वास्तविक अध्ययन ? त्यसरी गाउँ नै छोडेर, देशै छोडेर मानिसहरू पलायन भइरहँदा किन दुखिरहेको छैन सत्तासीनहरूको टाउको ? अहिले गाउँ छाड्ने, घरै छाड्ने र देशै छाड्ने समस्याको चुरो कारण बेरोजगारी हो । सरकारले हरेक वर्षको बजेटमा देश नै खाली हुने डरलाग्दो बेरोजगारी समस्यालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने होइन ? बजेटको मूल प्राथमिकता त्यसैमा हुनुपर्ने, नीतिको प्राथमिकता त्यसैमा हुनुपर्ने र दलहरूको प्राथमिकता त्यसैमा हुनुपर्ने हो नि ! जनतालाई देशमा बस्ने वातावरण बनाउन नसक्नेहरूले देशलाई सिंगापुर वा स्वीजरल्याण्ड बनाउँछौं भनेर किन खोक्नु ?

### सहर अराजकताको केन्द्र

सहरप्रति मानिसहरूको मोह घट्दो छ । तर मानिसहरू थुप्रनुपर्ने बाध्यताको केन्द्र बनिरहेको छ सहर । किनकि अवसर र रोजगारी केन्द्रिकृत भएकाले पनि सहर बाध्यताको केन्द्र छ । खासगरी संघीय प्रणाली लागू गरिए पनि त्यसको वास्तविक रूपमा कार्यान्वयन नगरिँदा, संघीयताका सिद्धान्तहरू अलपत्र पर्दा देशले उही राजतन्त्रकालीन पुरानो अवस्था झेलिरहेको छ ।

खासगरी सहर अराजकताको केन्द्र बनिरहेको छ । यहाँ मानवता हराएका छन् । यहाँ शक्ति र पैसा हुनेहरूले जे गर्दा पनि हुने अवस्था छ । कानुनको परिपालना निकम्मा भएकै कारण सहर अशान्त र अस्तव्यस्त छ । अन्यन्त्र सहरहरू शान्तिको केन्द्र बनिरहँदा, सुविधा र अवसरहरूको केन्द्र बनिरहँदा नेपालका सहरहरू अराजकताले जकडिएका छन् । ४० लाखभन्दा बढी मानिस बासोबास गर्ने काठमाडौं उपत्यका झन् बढी अशान्त बनिरहेको छ । घरी माओवादी जनयुद्धको प्रभाव, घरी भूकम्पको मार, घरी कोरोना तथा डेंगुको प्रकोप, घरी बाढी तथा ढुबान । हुँदाहुँदा अहिले त नयाँ पुस्ताको गम्भीर चुनौती र विद्रोहले सहर आक्रान्त छ । दिनहुँजसो दशथरी समूहको आन्दोलन । आन्दोलन गर्छौं भनेर धम्की दिनेहरू त कति कति ! जलेका घर सम्पत्तिहरू, सरकारी कार्यालयहरूका खरानी टकटकाइएका छैनन् । फेरि आन्दोलन गर्ने धम्कीहरू एक होइन अनेक कोणबाट आइरहेका छन् । राजावादीहरू आन्दोलनमा थिए, आन्दोलन फेरि गर्छौं भनिरहेका छन् । जेन-जीहरू भनिरहेका छन् पुराना राजनीतिक दलहरूले अति गरे, भष्टाचार गरे, देश नाकाम बनाए, विकास गरेनन् । उनीहरू फेरि पनि आफ्ना माग र मुद्दा सम्बोधन नभए आन्दोलन नै गर्छौं भनिरहेका छन् । कतिपय ठूला भनिएका राजनीतिक दलहरूसमेत निर्वाचन आयोगमा लाजगाजले दल त दर्ता गराएका छन् । च्याखे थापेका छन् तर भदौ २३ अघिको अवस्था फर्काउन उनीहरू हरहमेशा लागिरहेका छन् । एमालेले त जेन-जी आन्दोलन र विद्रोहको परिणाम स्वीकार गरेकै छैन, संसद् पुनर्स्थापनाका लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरिसकेको छ । एमालेकै पछिपछि लागेर कांग्रेसले पनि अर्को रिट सर्वोच्चमा दर्ता गरिसकेको छ ।

यही कारण फागुन २१ मा निर्वाचन हुन्छ वा कथाले अर्कै रूप लिन्छ वा के हुने हो भन्न सकिने अवस्था छैन । यद्यपि, अन्तरिम सरकार चुनाव गर्छौं, फागुन २१ मै चुनाव हुन्छ भनिरहेको छ । तयारी पनि राम्रैसँग गरिरहेको देखिन्छ । द्वन्द्वात्मक अवस्थालाई भड्काउनेभन्दा निर्वाचनका लागि शालीनरूपमा, भव्यरूपमा सरकार लागिरहेको देखिन्छ । निर्वाचन आयोगले निर्वाचनको तयारीलाई तीव्रता दिएको छ । यद्यपि, चुनाव हुनेमा ढुक्क भइहाल्ने अवस्था बनेको छैन ।

देशमा एक हिसाबको रमिता चलिरहेको देखिन्छ । भविष्यमा के हुन्छ थाहा छैन । तर यति हो, देश झन्-झन् अराजकता र अशान्तितर्फ उन्मुख छ । खासगरी त्यो अराजकता र अशान्ति प्रमुख सहरहरूमा बढी केन्द्रित छ । आनन्दले आफ्नै पेसा, व्यवसाय गरेर शान्तिको जीवन गुजार्न चाहनेहरू अनेक कोणबाट प्रभावित छन् । भविष्यको दृष्टिगोचर गर्ने हो भने देशमा बस्ने माहोल नै छैन । यो अराजकता सहेर, यो अशान्तिको भड्खालोमा रुमलिएर कसलाई बस्न मन होला र ?

धेरैले देशप्रति भरोषा गुमाएका छन् । यो संकटपूर्ण घडीमा पुराना दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, नयाँ उदायको रास्वपा, राप्रपा, मधेसवादी दलहरू सबैले विवेक गुमाएनन् र चुनावमा भाग लिए, चुनाव हुने वातावरण आफ्नो तर्फबाट बनाए भने चुनाव हुन्छ । चुनावपछि मुलुक नयाँ मोडमा अघि बढ्ला पनि । किनकि जेन-जी आन्दोलनको हालैको रापतापले यसपटक धेरै युवाहरू चुनिएर आउने सम्भावना छ । तर, यदि दलहरू संयमित भएनन् र निर्वाचन आफ्नै बोली र व्यवहारका कारण बिथोले भने देश वर्वाद हुने छ । जनप्रतिनिधिविहीन हुने छ । अस्थिरता र विदेशीहरूको खेलमैदान हुने छ । त्यसकारण हरेक विवेकशील नागरिकले स्थिति भड्काउने होइन, शान्ति र स्थिरतासहित निर्वाचनको माहोल बनाउनुपर्छ । अन्यथा आमनेपाली जनताको भविष्य अन्धकारमय हुने छ ।

अहिले काठमाडौं उपत्यकाकै कुरा गर्ने हो भने तरकारी, खाद्यान्नलगायतका उपभोग्य वस्तुहरूमा महँगी अचाक्ली छ तर कसले त्यसको नियन्त्रण गर्ने ? बिहान र साँझ चक्रपथमा गुड्ने बसहरूमा यात्रु चढ्न सक्ने अवस्थामा छैन, जो जहाँ पनि लुटिने, कुटिने अवस्था छ । सहचालक तथा गाडीवालाहरूको यात्रुप्रतिको व्यवहार उस्तै हेपाहा, कर्कशलाग्दो छ । उपत्यका भित्रने र बाहिरिने गाडीहरूले चाडबाडका नाममा जति पनि भाडा असुलेका छन् । कसले नियन्त्रण गर्ने ? सहरमा अपराधीहरू बढिरहेका छन् । लागुऔषध दुर्व्यसनीमा लाग्नेहरू बढिरहेका छन् । कसले नियन्त्रण गर्ने ?

हालैको जेन-जी आन्दोलनको क्रममा तीन जना नेपाल प्रहरीले साहदत प्राप्त गरे । एक हजारभन्दा बढी घाइते भए र देशभरका प्रहरी कार्यालयहरू जले । जसकारण उनीहरूको मनोबल कमजोर भएको देखिन्छ । त्यसमाथि छ हजारभन्दा बढी हतियार र करिब एक लाख गोली हराएका छन्, त्यस क्रममा । आन्दोलनकै क्रममा भागेका कैदीबन्दीहरू फर्किएका छैनन् । अनि भन्नुस् त समाज कति त्राहिमाम छ अहिले ? त्यत्रा अपराधी, हातहतियार प्रहरीको नियन्त्रण बाहिर छ । जसले समाजलाई तर्साइरहेको छ । ती हतियार लिएर भागेकाहरूले समाजमा भित्रभित्र कति पीडा दिइरहेका होलान् ? कतिलाई सताइरहेको होलान् ? त्यसको अनुमान गर्न सकिँदैन । अनि यो सहर कसरी शान्त हुनसक्छ ? कसरी बस्न लायक छ ? प्रहरीका दर्जनौं हतियारधारी सिपाहीहरू लिएर बसेका नेता, पूर्वप्रधानमन्त्रीहरू समेतले असुरक्षा भयो, सुरक्षा पाउँ भनिरहेका छन् भने आमनागरिक जोसँग केही छैन, अभाव र गुनासाहरूबाहेक, उनीहरू कसरी शान्त भएर बसून् । त्यसकारण सरकारले काठमाडौं उपत्यकालगायतमा यस्ता अराजकताहरू मत्थर गरोस् । त्यसका लागि प्रयत्न गरोस् ।

काठमाडौं उपत्यकामात्रै होइन, देशका प्रमुख सहरहरूको हाल करिब उस्तै हुँदै छन् । सहर अवसरको केन्द्र बन्नुपर्नेमा अराजकता र अव्यवस्थाको केन्द्र बनिरहेको छ । कात्तिक महिनामा वीरगञ्ज महानगरमा झाडापखाला र हैजा फैलियो । धेरै मान्छे त्यसले बिरामी भए । केहीले त ज्यानै गुमाए । त्यो काबुबाहिर गएपछि झाडापखालाविरुद्ध खोप नै लगाउनुपर्ने स्थिति बन्यो । हामीले कस्तो सहर बनायौं, जसकारण हरेक चुनौतीहरू सहरले सामाना गरिरहेको छ । सहरहरू अति नै प्रदूषित बन्दै गएका छन् । कतिपटक त काठमाडौं उपत्यका विश्वकै प्रदूषित सहर भनेर घोषित भयो । विशाक्त खानाको केन्द्र बनिरहेका छन् सहरहरू । स्वदेशी उत्पादन नहुँदा भारतलगायतमा अधिक विषादी प्रयोग गरी फलाइएका तरकारी तथा फलफूल सेवन गर्ने बाध्यता नेपालीहरूलाई छ । त्यसले रोगव्याधी बढाइरहेको छ । रेमिटचान्सले चलेको देशको अर्थतन्त्र अधिक आयातले टाट पल्टाइरहेको छ । यो वास्तविकताको महसुस कहिले हुन्छ ? अनि सुधार कहिले ?

### गाउँ बस्न लायक तर रित्तिँदै

हिजोआज देशको सुदूर गाउँहरू बस्नलायक भइरहेका छन् । गाउँ-गाउँमा मोटरबाटो पुगेको छ । सञ्चार र शिक्षालयहरू पुगेका छन् । तर मान्छेहरू भने गाउँबाट नै भागिरहेका छन् । गाउँले मान्छे खोजेको छ, मान्छेहरू गाउँबाट सहर र सहरबाट देशै छाडेर भागिरहेका छन् । यो सबै कुशासनको परिणाम हो ।

कोही पनि मन्त्री, प्रधानमन्त्री भएपछि 'ग्राउण्ड रियालिटी' भन्दा पर रहे । अघिल्लो वर्ष नेकपा एमाले सरकार बाहिर हुँदा उसले मध्यपहाडी लोकमार्ग भएर पूर्वपश्चिम जागरण अभियान चलायो । माओवादी केन्द्रले पनि त्यसै गर्‍यो । त्यसक्रममा पहाडमा कम्तीमा पाँच लाख घरहरू रित्ता रहेका, छाडेर मान्छेहरू तराई वा सहर छिरेका वा देशै छाडेका भनेर अनुमान गरिए । हालै लमजुङका केही गाउँहरू डुल्दा पंक्तिकारले पनि धेरै घरहरू ताल्चा लगाइएका, मान्छेहरू हराएका देखेको हो । अहिले नेपालको सतप्रतिशत गाउँ-ठाउँमा बिजुली, सञ्चार पुगिसकेको छ । सडकहरू जहाँतहीँ पक्कीरूपमै पुगिसकेका छन् । सीमित ठाउँहरूलाई थाती राखेर गाउँमा खानेपानीको पनि अभाव छैन । तरकारी, फलफूल र अन्नपात त गाउँमै फल्ने भइहाल्यो ।

स्वच्छ हावापानीसहित बस्नलायक हुँदै गएको गाउँलाई मान्छेहरू लात मारिरहेका छन् । विकृति र विसंगतिको सहरी छानामुनि मान्छेहरू ओत लागिरहेका छन् । यसको एउटै कारण बेरोजगारी हुनसक्छ । वास्तवमा गाउँमा रोजगारी कम छ । गाउँलेहरूले अलिअलि उत्पादन गरेका अन्नपात पनि बेच्ने बजार छैन । त्यसलाई सरकारले कहिल्यै सम्बोधन गरेन । गाउँमा मान्छेहरू अडिन त्यहाँ रोजगारी र आम्दानी हुनेगरी वातावरण बन्न सक्नुपर्छ । अनिमात्र गाउँ रित्तिने छैन र छोडेर गएकाहरू फर्कने छन् ।

### श्रम सरोकार

## विदेशमा रहँदा भुल्नै नहुने चार कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### पाठक मञ्च

## सुशासनमा चुक्यो सुशीला सरकार

वर्तमान प्रधानमन्त्री सुशीला कार्की विगतदेखि नै भ्रष्टाचारविरुद्ध आवाज उठाउँदै आइरहेकी थिइन् । भ्रष्टाचारीलाई कारबाही गर्छु, कानुनको कठघरामा उभ्याउँछु भन्ने कार्की प्रधानमन्त्री बनेको तीन महिना हुन लाग्यो । तर, आफ्नो र आफ्नो क्याबिनेटमा भएको मन्त्रीहरूको सम्पत्तिसमेत सार्वजनिक गर्न सकेकी छैनन् ।

न उनले भ्रष्टाचारीलाई समातिन्, न सरकारी सम्पत्ति व्यक्तिको नाममा लैजानेलाई कारबाही गरिन् । वास्तवमा भन्ने हो भने, उनले केही नै गरिनन् । देशमा सुशासनका निम्ति सुशीलाको सरकार बनेको हो । ७६ जनाले ज्यान गुमाएपछि उनी प्रधानमन्त्री बनेकी हुन् ।

उनले काम गर्नुपर्छ कि पर्दैन ? हुन त आफ्नो मन्त्रिपरिषद्का मन्त्रीहरूको सम्पत्तिसमेत सार्वजनिक गर्न नसक्नेले अरु के गर्छन् ? नैतिकता थियो भने उनले प्रधानमन्त्री भएको केही दिनमै सम्पत्ति सार्वजनिक गर्नुपर्थ्यो । तर, उनले गरिनन् । अहिले पनि सम्पत्ति विवरण लुकाइएको अवस्था छ ।

यहाँ जनताको छोराछोरी उचाल्ने, मार्ने, तोडफोड र आगजनी गर्ने र आफू सत्तामा जाने खेलमात्र भयो । आफ्नो पद टिकाउनका लागि देश जलाउनेहरूलाई छोड्ने काम सुशासनको सरकार प्रमुखले गरेकी छिन् । सुशीलाको सरकार आएपछि के प्रगति भयो ? कर्मचारीहरूले घुस खान छोडेका छैनन् । जतातत्तै बिचौलियाको रजगज छ । उनी र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीमा के फरक भयो ? उनले यातायातमा लामो समयदेखि भएको सिण्डिकेट तोड्न पनि सकिनन् । हरियो र कालो प्लेटको ट्याक्सी, फो स्टक टेम्पो, ढुवानी गाडीमा भएको सिण्डिकेट तोड्न उनी नाकाम भइसकेकी छन् ।

भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि जनताले देशमा सुशासन कायम हुन्छ, घुस्याहा कर्मचारीहरू समातिन्छन्, सरकारी सम्पत्ति दोहन गर्नेहरू कानुनको कठघरामा आउँछन् भनेर आश गरेका थिए । देश भ्रष्टाचारमुक्त हुन्छ भनेर कल्पना गरिएको थियो । तर, केही भएन । देशको पहिलो महिला प्रधानमन्त्री पायो, त्यति नै उपलब्धि भयो ।

जेन-जीहरूले पनि नेताहरूलाई मात्र लखेटे । नेताभन्दा बढी त कर्मचारी खराब छन् । नेपालको ब्युरोक्रेसी खत्तम छ । कर्मचारीहरू पाइलैपिच्छे घुस खान्छन् । सीधा गयो भने काम हुँदैन । कर्मचारीले कानुन देखाएर फर्काइदिन्छन् । त्यहीँ काम दलालीमार्फत गराउने हो भने दुई मिनेटमा पूरा हुन्छ । जबसम्म यस्ता कर्मचारी हुन्छन्, तबसम्म देशले भ्रष्टाचारबाट मुक्ति पाउने छैन । जनताले दुःख पाइरहने छ ।

कर्मचारीहरूले घुस खान कहिल्यै छोड्दैनन् । जेन-जीले त्यत्रो आन्दोलन गरे, तर एउटा सरकारी सम्पत्तिको सम्पत्ति खोजिएन । सरकारले कर्मचारीको आम्दानी र खर्च खोज्ने हो भने दूधको दूध र पानीको पानी भइहाल्छ नि । सुशीला सरकारले कि काम गर्नुपर्‍यो कि त पदबाट राजीनामा दिनुपर्‍यो । दिन कटाउने र माना पचाउने काममात्र नगरौं ।

**- अनुसा थापा**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**आगो ताप्दै पढ्दै** | मुगुको मुगुम कार्मारोङ गाउँपालिका–९ पापु गाउँमा अवस्थित श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थीहरू आगो ताप्दै अध्ययन गर्दै । उच्च हिमाली क्षेत्रमा अवस्थित यो विद्यालयमा ८५ जना विद्यार्थी अध्ययनरत छन् ।
*तस्बिरः रासस*

# चार लेनको मादी पुल अन्तिम चरणमा



**दमौली (तनहुँ)–** मुग्लिन-पोखरा सडकअन्तर्गत दमौली बजारमा निर्माणाधीन चार लेनको पुल आगामी वैशाखभित्र सम्पन्न गर्ने गरी कामलाई तीव्रता दिइएको छ । व्यास नगरपालिका-४ र ५ मादी नदीमाथि निर्माण भइरहेको पुलमा ७४ प्रतिशत प्रगति भएको मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड)ले जनाएको छ ।

उक्त खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेले अब २६ प्रतिशतमात्र काम बाँकी रहेको जानकारी दिए । उनका अनुसार पुल निर्माण तीव्रगतिमा अगाडि बढाइएको छ । तीन वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी उक्त पुलको काम सुरु गरिएकामा गत भदौ २१ गते ठेक्काको म्याद सकिएपछि आगामी असार १९ गतेसम्म म्याद थप भएको उनले बताए ।

सूचना अधिकारी पाण्डेका अनुसार पुल निर्माणका लागि २०७९ साल साउन २६ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । उनले भने, 'पुल निर्माणको म्याद सकिएपछि पुनः म्याद थपिएको छ । थप भएको म्यादभित्र काम सम्पन्न गर्ने प्रतिबद्धता आएको छ ।' उक्त पुलमा ७० प्रतिशत वित्तीय प्रगति भएको छ ।

तीन सय १५ मिटर लामो पुलमा छवटा स्पान रहने छ । पुलको वारिपारि दुई-दुई 'प्रिस्टेटस् बक्स गडर' स्पान सम्पन्न भइसकेको छ । उनका अनुसार फाउण्डेसनदेखि सुपर स्ट्रक्चरको काम सकिएको छ । उनले भने, 'मिडल स्पान दुईवटा कंक्रिट नेचर आर्क ब्रिज हो । त्यसको काम पनि भइरहेको छ ।'

एक अर्ब २१ करोड रूपैयाँ भ्याटसहित लागतमा निर्माण भइरहेको पुल २३ मिटर चौडाइको एउटै मोनोलेथिक स्क्ट्रक्चर भएको यो नेपालकै पहिलो पुल भएको पाण्डेको भनाइ छ । सूचना अधिकारी पाण्डेले मुग्लिन-पोखरा सडकखण्डअन्तर्गत पूर्वीतर्फ ८८ प्रतिशत प्रगति भएको जानकारी दिए । कालोपत्र सबै सकिएको बताउँदै उनले सडकका अन्तिम चरणका काममात्र बाँकी रहेको उल्लेख गरे । पुलको पहुँचमार्गको काम भने बल्ल सुरु भएको पाण्डेले बताए ।

निर्माण कम्पनी व्यवस्थापक दिनेशकुमार श्रेष्ठले निर्धारित मितिअगावै पुल निर्माणको काम सकिने जानकारी दिए । उनका अनुसार असार १९ गतेसम्म म्याद रहे पनि वैशाखमा पुल निर्माणको काम सक्नेगरी काम भइरहेको छ । पुल निर्माणका लागि हाल दैनिक १५० कामदार खटाइएको छ ।

छवटा स्पानमध्ये दुई-दुई स्पानको काम सकिएको र बीचको दुईवटा स्पान ६३ मिटरको काम भइरहेको उनले जानकारी दिए । पुलको दायाँबायाँ ५०० मिटर पहुँच सडक निर्माण गर्न बाँकी रहेको उनले उल्लेख गरे । उनले भने, 'बायाँतर्फ व्यक्तिका घर परेकाले मुआब्जा दिनुपर्ने र दायाँतर्फ सडक डिभिजन कार्यालयको भवन रहेकाले भवन भत्काएर पहुँच सडक निर्माण गर्नुपर्ने अवस्था छ ।'

पृथ्वी राजमार्गको सबैभन्दा लामो आर्क डिजाइनको उक्त पुल चार लेनको हुने छ । हाल नदीमाथि रहेको दुई लेनको पुल ३७० मिटर लम्बाइको छ । सोही पुलभन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको छ । *रासस*

# खानेपानीको संकट झेल्दै चुरेफेदका मेनहर्वावासी

**सिरहा–** लहान नगरपालिका-१५ स्थित मेनहर्वा बस्तीका स्थानीय लामो समयदेखि खानेपानीको संकट झेल्दै आएका छन् । चुरेफेदको विकट क्षेत्र मानिने यस बस्तीमा भूमिगत पानीका स्रोत सुक्दै जाँदा स्थानीयलाई दैनिक जीवनयापनमै कठिनाइ भइरहेको छ ।

करिब ३५ दलित घरपरिवार रहेको यस बस्तीका बासिन्दा वार्षिक झण्डै छ महिना टाढाटाढाबाट घण्टौं लगाएर पानी बोक्न बाध्य छन् । स्थानीयका अनुसार बस्तीको खानेपानी समस्यालाई मध्यनजर गर्दै गाडिएको डिप बोरिङबाट करिब चार वर्षसम्म पानी आएको थियो । तर अघिल्लो वर्षदेखि उक्त बोरिङ पूर्णरूपमा सुकिसकेको छ ।

बस्तीका मोहन सदायले डिप बोरिङ सुक्दा आफूहरूको जीवन नै अस्तव्यस्त भएको बताए । उनले भने, 'अघिल्लो वर्षदेखि डिप बोरिङबाट पानी आउन छोड्यो । अहिले घण्टौं लगाएर बानो गाउँको खोलामा खनिएको कुवाबाट पानी बोकेर खानुपरेको छ । मानिस र वस्तुभाउ दुवैले त्यही पानी प्रयोग गर्दै आएका छौं ।'

विनिता सदायले विगत चार-पाँच वर्षदेखि चापाकलसमेत सुक्दा खानेपानीको समस्या झनै जटिल बन्दै गएको गुनासो गरिन् । 'पानी नभएकै कारण सरसफाइमा पनि समस्या छ । नुहाउन, कपडा धुन र खान सबैका लागि एउटै कुवाको पानी प्रयोग गर्नुपरेको छ,' उनले भनिन् ।

आर्थिकरूपमा कमजोर र सुकुम्वासीले भरिएको यस दलित बस्तीमा आव २०७९/८० मा 'विपन्न परिवारका लागि सुरक्षित आवास कार्यक्रम' अन्तर्गत घर निर्माण गरिएको थियो । लहान नगरपालिकाबाट ४५ लाख ५१ हजार रूपैयाँ र हिल्टी फाउण्डेसनको सहयोगमा 'हचाबिटचाट फर हचुमानिटी' नेपालमार्फत ४४ लाख रूपैयाँको लागतमा २२ वटा जस्तापाताका घर निर्माण गरिएका थिए ।

'घर त बन्यो, तर खानेपानीको व्यवस्था भएन,' ७० वर्षीया जलेश्वरी सदायले दुःखेसो पोखिन् । वडाध्यक्ष तेजनारायण चौधरीले मेनहर्वावासीको खानेपानी समस्या समाधानका लागि नगरपालिकामा पहल भइरहेको जानकारी दिए । जलवायु परिवर्तनको असरका कारण चुरे क्षेत्रका कुँवा, इनार र खोलाहरू सुक्दै गएकाले यो समस्या स्थानीय तहमात्र नभएर राष्ट्रिय चुनौती बन्दै गएको उनको भनाइ छ ।

पछिल्लो समय चुरे क्षेत्रमा पानीको सतह गहिरिँदै जाँदा ठूला डिप बोरिङसमेत असफल भइरहेकाले यसको विकल्पबारे योजना बनाउनुपर्ने विज्ञहरू बताउँछन् । वातावरणविद् दिनेश यादव भन्छन्, 'डिप बोरिङ खानेपानी समस्याको दीर्घकालीन समाधान होइन भन्ने कुरा विभिन्न ठाउँका अभ्यासले प्रमाणित गरिसकेको छ । त्यसैले चुरे संरक्षणसँगै वन व्यवस्थापन, जलाधार संरक्षण र नदी कटान नियन्त्रणका लागि तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयन गर्नुको विकल्प छैन ।' *रासस*

# जापानिज 'इन्सेफ्लाइटिस'बाट पाँच महिनामा छ जनाको मृत्यु

**चितवन (प्रस)–** जिल्लाका विभिन्न अस्पतालमा उपचार गर्न आएका जापानिज इन्सेफ्लाइटिस संक्रमितमध्ये छ जनाको मृत्यु छ । गत साउनयता अस्पताल आएका १७ जना संक्रमितमध्ये छ जनाको मृत्यु भएको हो ।

जनस्वास्थ्य कार्यालयका प्रमुख निर्मल घिमिरेका अनुसार मृत्यु हुनेमा दुई जना भरतपुर महानगरपालिका, एक जना खैरहनी नगरपालिका, दुई जना राप्ती नगरपालिका र एक जना कालिका नगरपालिकाका रहेका छन् । उनीहरूमध्ये एक जना ८९, एक जना ८१, दुई जना ७०, एक जना ४२, एक जना ३९ वर्षका रहेका छन् ।

संक्रमितमध्ये १० जना महिला हुन भने सात जना पुरुष रहेका छन् । उनीहरूमध्ये तीन जना १५ वर्षमुनिका, पाँच जना १५ देखि ६० वर्षभित्रका र नौ जना ६० वर्षमाथिका रहेका छन् । संक्रमितमध्ये १५ जनाले खोप नलगाएको र दुई जनाले खोप लगाए/नलगाएकोबारे स्पष्ट नरहेको उनले जानकारी दिए । संक्रमितमध्ये सात जना भरतपुर महानगरपालिकाभित्रका रहेका छन् ।

यस्तै खैरहनी नगरपालिकाका चार जना, माडी नगरपालिकाका एक जना, रत्ननगर नगरपालिकाका एक जना, राप्ती नगरपालिकाका दुई जना, कालिका नगरपालिकाका दुई जना रहेका छन् ।

यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो । यो लामखुट्टे घर बाहिर बस्न रुचाउने, घर बाहिरनै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ । यो लामखुट्टेले संक्रमित सुँगुर, बंगुर, हाँसजस्ता पशुपन्छीलाई टोक्यो भने सर्दछ । धान खेतमासमेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गर्दछ ।

# माथिल्लो मुस्ताङको घरदैलोमा स्वास्थ्य शिविर

**मुस्ताङ–** माथिल्लो मुस्ताङको सीमावर्ती गाउँको घरदैलोमै स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । हिउँदयामको अत्यधिक चिसो मौसममा बेसी नझरी गाउँ बसेका स्थानीय नागरिकहरूको स्वास्थ्य रक्षाका लागि माथिल्लो मुस्ताङको लोमान्थाङ-२ स्थित नामासुङ र न्यानोल गाउँमा एकदिने स्वास्थ्य शिविर सञ्चालन गरिएको हो ।

अन्नपूर्ण संरक्षणक्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप) लोमान्थाङ, सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) र प्रहरी चौकी छोसेरको संयुक्त आयोजनामा स्थानीय नागरिकको स्वास्थ्य रक्षाका लागि स्वास्थ्य परीक्षण शिविर चलाएको हो ।

हिउँदयामको जाडो मौसममा बेसी नझरी गाउँमा बसेका स्थानीय नागरिकलाई ज्वरो, रुघाखोकी र निमोनियालगायतका स्वास्थ्य समस्याहरू देखिने सम्भावना हुने भएकोले उनीहरूको कल्याणका लागि घरदैलोमै पुगेर स्वास्थ्य शिविर सञ्चालन गरिएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिए । शिविरमा गाउँमै बसेका स्थानीय नागरिकहरूको स्वास्थ्य परीक्षणका साथै निःशुल्क औषधि वितरण गरिएको प्रमुख पौडेलले बताए ।

एक्याप लोमान्थाङ, सशस्त्र प्रहरी र नेपाल प्रहरीका एक/एक जना स्वास्थ्यकर्मी स्वास्थ्य परीक्षणमा खटिएका प्रमुख पौडेलले उल्लेख गरे । शिविरमा नामासुङ र न्यानोलका १९ महिला र तीन पुरुष गरी २२ जनाले स्वास्थ्य शिविरबाट प्रत्यक्ष लाभान्वित भएको एक्याप लोमान्थाङले जानकारी दिएको छ । यसप्रकारका स्वास्थ्य शिविर आवश्यकताअनुसार हिउँदयामभरि सञ्चालन गरिने कार्यालय प्रमुख पौडेलको भनाइ छ । *रासस*

# क्यान्सर अस्पताललाई चिनियाँ सहयोग

**चितवन (प्रस)–** काठमाडौंस्थित चिनियाँ दूतावासले भरतपुरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताललाई विद्युतीय सवारीसाधन प्रदान गरेको छ ।

मंगलबार अस्पताल परिसरमा आयोजित एक कार्यक्रममा दूतावासका प्रतिनिधिले चीनमा निर्मित एउटा विद्युतीय सवारीसाधन अस्पताललाई हस्तान्तरण गरेका हुन् । चिनियाँ दूतावासका अनुसार 'सुखी समुदाय' परियोजनाअन्तर्गत चीनले उक्त बहान अस्पताललाई हस्तान्तरण गरेको हो । चिनियाँ राजदूत छन सङले यो सानो सहयोगबाट अस्पतालको सेवा प्रवाह तथा समग्र स्वास्थ्य सेवाको सुधार गर्न सहयोग पुग्ने बताए ।


**कटहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कटहरी, मोरङ**
**कोशी प्रदेश, मोरङ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८२/०९/०३)**

यस गाँउपालिकाबाट तपशिल बमोजिमको योजना खरिद ठेक्का प्रकृयाबाट संचालनको लागि E-Bidding मार्फत बोलपत्र माग गरिए अनुसार पेश हुन आएका तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रपत्रदाताहरुको जानकारीको लागि आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको बोलपत्र | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | ठेक्का नं. KRM/ NCB/W/1/082/083 | लोहन्द्राखोला तटबन्धन निर्माण, कटहरी-४ र ६ | श्री फुङफुङ्गे/टिष्टा जे.भी, ताप्लेजुङ्ग | १,९२,७९,४०५/- |

**प्रमुख प्रशासकीय अधिकृत**



**तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/०३

**आदरणिय शेयरधनी महानुभावहरु,**

मुक्तिनाथ फुड बैंक लि.को मिति २०८२ मंसिर १९ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार **तेश्रो वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ पौष २५ गते, (तदनुसार जनवरी ०९, २०२५)
**समय :** दिनको १:०० बजे
**स्थान :** यती इभेन्टस् एण्ड कन्फरेस सेन्टर लि., बसुन्धरा, काठमान्डौ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८२/०८३ को लागि वाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. अध्यक्ष र संचालकहरुको बैठक भत्ता परिमार्जन गर्ने ।
५. संचालक समितीको १३औं बैठकले मनोनित गरेको संचालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**
६. प्रबन्ध संचालकको नियुक्ति तथा सेवा सुविधा तोक्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।
७. कम्पनीको प्रबन्धपत्र र नियमावलिका प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने तथा संसोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट निर्देशन भएमा थपघट, परिमार्जन, संसोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारीत गर्ने ।
८. खाद्य क्षेत्रमा काम गरिरहेका अर्को कुनै कम्पनी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर/प्राप्ती समिति गठन गर्ने, उपयूक्त कम्पनीसंग समझदारी पत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्ती गर्ने गराउने, मुल्याङ्कनकर्ताको पारिश्रमिक तोक्ने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्ने, गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती (एक्विजिसन) गर्न अन्तिम सम्झौता गर्ने लगायतका मर्जर तथा एक्विजिसनसँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

आज्ञाले,
**मोहन कुमार बस्नेत**
अध्यक्ष

**मुक्तिनाथ फुड बैंक लि.**
**MUKTINATH FOOD BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेलः** info@muktinathkrishi.com
**वेबसाइटः** www muktinathkrishi com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"


# प्रभाव दैनिक





## 'सेतो धरती' अब नाटकमा

नेपाली साहित्यको चर्चित कृति 'सेतो धरती' अब नाटकमा हेर्न पाइनेछ । मदन पुरस्कार समेत विजेता यो कृतिलाई 'कान्तिपुर थिएटर'ले नाटकमा मञ्चन गर्न लागेको हो । थियटरले आफ्नो चौथो प्रस्तुतिको रूपमा यो नाटक मञ्चन गर्न लागेको हो । 'मीरा'बाट नाटक मञ्चन सुरू गरेको थियटरले 'शिरीषको फूल' र 'महारानीको जात्रा' मञ्चन गरिसकेको छ । 'सेतो धरती'का लेखक अमर न्यौपानेसँग अनुमति लिएर आफूले यसलाई नाट्य रूपान्तर गर्न लागेको कान्तिपुर थिएटरका सिइयो प्रकाश पुरीले बताए । नाटकका लागि पुस्तक भित्रको उपयुक्त अंस सहित लेखकसँग महत्वपूर्ण सुझाव समेत प्राप्त गरेको पुरीको भनाइ छ ।





बिहीबार, ०३ पुस २०८२ (Thursday, 18 December 2025)





■ प्रभाव संवाददाता

**काठमाडौं**: अभिनेता पल शाह र अनिता गिरी अभिनित 'मर्छु हजुर' गीतको भिडियो रिलिज भएको छ । बुधबार सुनिल दवाडी नामक युटुब च्यानलबाट रिलिज भएको हो । गीतको भिडियोलाई दर्शकले एकदमै रुचाएका छन् । सुनील दवाडी प्रस्तुतकर्ता रहेको यस गीतको भिडियोमा अभिनेता पल शाह र अनिता गिरीको जोडीलाई देख्न सकिन्छ । एकअर्काबीचको मायामा गढिएका युवायुवतीको कथामा गीतको भिडियो निर्माण गरिएको छ । गीतको भिडियोलाई चर्चित कोरियोग्राफर तथा निर्देशक बिक्रम चौहानले गरेका हुन् ।

गायक धुब्र बिक र गायिका मनिषा सुनारले गाएको यस गीतमा शब्द संगीत ज्ञानेन्द्र गिरीको छ । गीतको एरेन्ज, मिक्सिङ र मास्टरिङ सुलभ घिमिरेले गरेका छन् ।

यसअघि अनिता गिरीले एक दर्जन भन्दा बढि म्युजिक भिडियोमा अभिनय गरिसकेकी छन् । उनको पहिलो म्युजिक भिडियो भने 'बैगुनीले गएको थियो छोडेर' रहेको छ । उनी म्युजिक भिडियोमा मात्र सिमित रहेकी छैनन् । यस अन्तरालमा आधा दर्जन भन्दा बढि नेपाली फिल्ममा अभियन गरिसकेकी छन् । फिल्म 'नम्बरी सुन', 'दान्भी', 'रावायण', 'आउट ल'लगायतमा उनको अभिनय रहेको छ । जुन फिल्महरू प्रदर्शनमा आइसकेका छन् भने केहि आउने तयारीमा रहेको गिरीले बताईन् । अनिता पछिल्लो समय व्यस्त मोडल तथा अभिनेत्री समेत हुन् ।

# 'आ बाट आमा'को प्रचारप्रसारका लागि सुदूरपश्चिम महोत्सवमा विपना र पल

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी माघ १६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'आ बाट आमा'को व्यापक प्रचारप्रसार थालिएको छ । सोमबार यस फिल्ममा समावेश गीत 'सृष्टिकै पहिलो नाम'रिलिज गरिएकोथियो भने मंगलबार सुदरपश्चिम महोत्सवमा पल शाह र अभिनेत्री विपना थापाले फिल्मको प्रचार गरे । साथै यहि गीतको भिडियो समेत रिलिज गरिएको थियो ।

उक्त गीतमा अभिनेता पल शाह र विपना थापाले अभिनय गरेका थिए । 'धर्तीमा आँखा खोली,मैले बोलेको त्यो बोली,सृष्टिकै पहिलो नाम 'आ बाट आमा''मा अभिनय गरेपछि दर्शकलाई निकै भावुक बनेका समेत देखिन्थेँ ।

यस महोत्सवमा गाउँ गाउँबाट हजारौ दर्शकको उपस्थिति रहेको थियो । पल शाह र विपना थापालाई देखेपछि दर्शकले आइ लभ यु पल शाह र विपना थापा भन्दै हुटिङ गरेका थिए । उक्त महोत्सवमामा दर्शकको माया पाएकी अभिनेत्री विपना थापा औधि खुशी भएकी थिइन् । हजारौ दर्शकमाझ देखिएका पल र विपनाले फिल्म प्रचारका लागि कुनै कसुर बाँकी नराख्ने मुडमा देखिन्छन् ।




यस फिल्मलाई चन्द्र पन्तले निर्देशन गरेका हुन् । निर्देशक पन्तकै कथा तथा पटकथा रहेको यस फिल्ममा विपना थापा,पल शाह,प्रदीप रावत,उषा उप्रेती,सिम्रन पन्त,साइग्रेस पोखरेल,गजित बिष्ट,बेगम नेपाली लगायतले मुख्य भुमिकामा अभिनय गरेका छन् । आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यो फिल्मको संगीतमा कोशिस क्षेत्री,बाबुल गिरी,थानेश्वर गौतम,रहेका छन् । फिल्मका गीतको भिडियोमा कोरियोग्राफी गंभिर बिष्ट र दिलिप ओखेडाले गरेका छन् । साथै फिल्मको डिओपीमा नवराज उप्रेतीको छ ।

अभिमन्यू निरवीले लेखेको यो फिल्मको संवादमा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले सहकार्य गरेका छन् भने लगानी कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाश जंग कुँवर, ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाले गरेका छन् । यस फिल्मको कार्यकारी निर्माता करण सिंह रसाली रहेका छन् । फिल्मलाई नवराज उप्रेतीले छायाङ्कन गरेका छन् । फिल्मको ट्रेलर टिजर साहिल खानले काटेका छन् । नेपालमा फिल्मको प्रदर्शन अधिकार आरआर फिल्म्सले गर्दैछ भने यो फिल्मको डिजिटल अधिकार ओएसआर डिजिटलले लिएको छ । स्मरण रहोस यसअघि निर्देशक चन्द्र पन्तले नेपाली फिल्म 'ह्रस्व दीर्घ'निर्देशन गरेका थिए ।



**यू-१९ एसिया कप क्रिकेट**

# नेपाल अफगानिस्तानसँग पनि पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** १९ वर्षमुनि (यु-१९) एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल अफगानिस्तानसँग पराजित भएको छ ।

दुबईमा बुधबार एसिया कप अन्तर्गत समूह 'बी' को समूह चरणको आफनो अन्तिम खेलमा नेपाल अफगानिस्तानसँग ६ विकेटले पराजित भएको हो । नेपालले दिएको १२५ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले २६.५ ओभरमै ४ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो ।

अफगानिस्तानका लागि उजैरुल्लाह नियाजाईले ६१ रनको उत्कृष्ट इनिङ्स खेले । त्यस्तै ओस्मान सादातले २८ रन जोडे भने कप्तान महबूब खान ११ रनमा अविजित रहे । नेपालका अभिषेक तिवारीले २ विकेट लिए भने विपिन शर्माले १ विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ४६.४ ओभरमै सबै विकेट गुमाउँदै १२४ रनमा अलआउट भएको थियो ।



नेपालका लागि दिलसाद अलीले सर्वाधिक ३२ रन बनाए । चन्दन रामले २७ रनको योगदान दिए भने अभिषेक तिवारीले २० रन जोडे । अन्य ब्याट्सम्यानले अपेक्षित प्रदर्शन गर्न सकेनन् ।

अफगानिस्तानका जाइटुल्लाह शाहिनले ३ विकेट लिए भने अब्दुल अजिज र नुरिस्तानी ओमरजाई र वहिदुल्लाह जाद्रानले समान २-२ विकेट हात पारे । यस हारसँगै नेपालले प्रतियोगितामा लगातार तेस्रो हार बेहोर्दै प्रतियोगिताबाट बाहिरिएको छ । यसअघि नेपाल श्रीलंका र बङ्गलादेशसँग पराजित भएको थियो ।

यस समूहबाट समान ४ अंक जोडेका श्रीलंका र बंगलादेशले यसअघि नै सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरिसकेका छन् ।

# इन्डो नेपाल टी-ट्वान्टी क्रिकेटको तयारी पूरा, ६ टोलीले प्रतिस्पर्धा गर्ने

**काठमाडौं (प्रस)–** चितवन जिल्ला क्रिकेट संघको आयोजनामा हुने इन्डो नेपाल टी २० च्याम्पियनसिप क्रिकेटको तयारी पूरा भएको छ ।

प्रतियोगिता यही पौष ४ देखि १३ गतेसम्म गौतम बुद्ध क्रिकेट मैदानमा आयोजना हुने संघले जनाएको छ ।

प्रतियोगितामा नेपालबाट नेपालको तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, शसस्त्र प्रहरी बलको एपीएफ क्लब, चितवन क्रिकेट क्लब को सहभागिता रहनेछ । यस्तै भारतबाट दुई टिम आउनेछन् ।

भारतको कोलकाताबाट कोलकाता ईन्स्टिच्युट क्लब र दिल्लीको दिल्ली वन्डरर्स क्लब टिम हुनेछ । भारतीय टिममा रणजी र आईपीएलको अनुभव भएका खेलाडीहरू समावेश हुने आयोजकले जानकारी दिएको छ ।




यस इन्डो नेपाल टी २० च्याम्पियनसिप क्रिकेट मार्फत नेपाल र भारत दुई देशबीचको सम्बन्ध प्रगाढ बनाउने विश्वास छ ।

प्रतियोगिताको दर्शकहरूको लागि बाउण्ड्री बाहिर वान ह्याण्ड क्याच गर्दा नगदसहित आकर्षिक पुरस्कारको व्यवस्था समेत रहेको छ । यसले दर्शकलाई खेल हेर्न अझै उत्साही बनाउने विश्वास छ ।

प्रतियोगिताको विजेताले प्राप्त गर्ने पुरस्कार चाँडै घोषणा गर्ने चितवन जिल्ला क्रिकेट संघका उपाध्यक्ष उमेश पियाले जानकारी दिए । प्रतियोगिताका खेलहरू हिमालयन प्रिमियम एचडी र मकालु टिभीबाट प्रत्यक्ष प्रशारण हुनेछ ।

**साफ महिला क्लब च्याम्पियनसिप**

# नेपाल समूह उपविजेता हुँदै फाइनलमा

**काठमाडौं (प्रस)–** विभागीय टोली एपीएफले साफ महिला क्लब च्याम्पियनसिपमा भारतीय क्लब ईस्ट बंगालसँग गोलरहित बराबरी खेलेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बुधवार यी दुई टोलीले बराबरी खेलेका हुन् । दुवै टोली यसअघि नै फाइनलमा पुगिसकेका छन् ।

यद्यपि, लिग चरणको अन्तिम खेलमा पुनः भिडेका हुन् । तीन खेल खेलेको ईस्ट बंगालले तीनै खेल जित्दै १० अंकका साथ समूहको शीर्ष स्थानमा रहँदै फाइनलमा स्थान सुरक्षित गऱ्यो । एपीएफले पनि समूह चरणमा सशक्त प्रदर्शन गर्दै फाइनल यात्रा तय गऱ्यो । तीन खेलमा दुई जित र दुई बराबरीसहित ८ अंक जोड्दै एपीएफ दोस्रो स्थानमा छ ।


**युएइमा रोजगार** — कम्पनी : SINOPEC ENGINEERING- ABU DHABI

पूर्व स्वीकृति मिति : २०८१/११/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 319050 | चलानी नं. ६०२३३२४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 36 | 0 | 800 | ३१,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 76 | 0 | 1200 | ४७,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

**साउदीमा रोजगार** — कम्पनी : DISTINCTIVE DETAILS INFORMATION TECHNOLOGY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335221 | चलानी नं.६०२४८८५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 1 | 0 | 1200 | ४६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHOSH CHAI BEVERAGE SERVICE.

पूर्व स्वीकृति मिति : २०८२/०९/०१ | LT. No. 335222 | चलानी नं.६०२४८८५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 4 | 0 | 1200 | ४६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

**मलेसियामा रोजगार** — कम्पनी : X-SCAN ARMGUARD SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 322566 | चलानी नं. ६०२३८५७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 57 | 0 | 1700 | ६०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : X-SCAN ARMGUARD SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 302292 | चलानी नं. ६०२१७३७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 71 | 0 | 1700 | ६०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



White Horse International Pvt. Ltd. Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, 9803243166/9818224732 E-mail: wh.adm77427@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : RABOA' ASIA FORTRADING EST.

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/०२ | LT. No. 323714 | चलानी नं. ६०२३७७४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Specialist | 1 | 0 | 5000 | १९४,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shelf Packer | 1 | 0 | 1000 | ३८,८१५ | | | | | | | |
| 3. | Gen. Product Worker | 1 | 0 | 1500 | ५८,२२० | | | | | | | |
| 4. | Accounting Clerk/general | 1 | 0 | 2500 | ९७,०३५ | | | | | | | |

कम्पनी : BANDAR BIN HAMAD BIN ABDUL WAHHAB AL ISMAIL GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 335188 | चलानी नं. ६०२४८८९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Workers | 8 | 0 | 1000 | ३८,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम इजाजत नं. १७२/०५६/५७

# ट्रम्पले लगाए थप सात देश र प्यालेस्टाइनमाथि पूर्णयात्रा प्रतिबन्ध

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार सिरियासहित थप सात देशका नागरिक र प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूलाई संयुक्त राज्य अमेरिका प्रवेशमा पूर्ण यात्रा प्रतिबन्ध लगाउने निर्णय गरेका छन् । यस कदमसँगै राष्ट्रियताको आधारमामात्र अमेरिका प्रवेशमा रोक लगाइएका देशहरूको संख्या करिब ४० पुगेको छ । यसका साथै पश्चिमी देशहरूबाट हुने नियमित यात्रामासमेत नियमहरू थप कडा पारिएका छन् ।

आप्रवासनप्रति कठोर दृष्टिकोणलाई आफ्नो प्रमुख राजनीतिक एजेण्डा बनाउँदै आएका राष्ट्रपति ट्रम्पले सामूहिक निर्वासनको आदेश जारी गरिसकेका छन् भने गैरश्वेत आप्रवासीहरूविरुद्धको कडा अभिव्यक्ति पनि तीव्र बन्दै गएको छ । ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा 'अमेरिकीहरूलाई धम्की दिन सक्ने' विदेशी नागरिकहरूलाई रोक्न प्रतिबन्ध लगाइएको उल्लेख गरिएको छ । साथै, अमेरिकाको संस्कृति, सरकार, संस्था तथा संस्थापक सिद्धान्तहरूलाई कमजोर पार्न खोज्ने व्यक्तिहरूलाई देशभित्र प्रवेश नदिन चाहिएको भनिएको छ ।

लामो समयसम्म शासक बशर अल-असदको पतनपछि अन्तर्राष्ट्रिय समुदायमा पुनःस्थापना हुने प्रयासमा रहेको सिरियामाथि यो प्रतिबन्ध त्यतिबेला लगाइएको छ जतिबेला केही दिनअघि त्यहाँ दुई अमेरिकी सैनिक र एक सर्वसाधारण मारिएका थिए । सिरियाली अधिकारीहरूका अनुसार ती घटनाका आरोपी सुरक्षा बलका पूर्वसदस्य थिए, जसलाई 'चरमपन्थी इस्लामवादी विचार' का कारण बर्खास्त गरिएको थियो ।

यसैबीच, फ्रान्स र बेलायतलगायत केही पश्चिमी देशहरूले प्यालेस्टिनी राज्यलाई मान्यता दिएको विरोधमा ट्रम्प प्रशासनले इजरायलसँग ऐक्यबद्ध हुँदै प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूमा अनौपचारिक यात्रा प्रतिबन्ध लागू गरिसकेको थियो, जसलाई अहिले औपचारिक बनाइएको छ ।

पूर्ण यात्रा प्रतिबन्धमा परेका नयाँ देशहरूमा अफ्रिकाका बुर्किना फासो, माली, नाइजर, सिएरा लियोन र दक्षिण सुडान, साथै दक्षिणपूर्वी एसियाको लाओस रहेका छन् । यसबाहेक, नाइजेरिया, आइभोरी कोस्ट र सेनेगललगायत केही अफ्रिकी देशका नागरिकमाथि आंशिक यात्रा प्रतिबन्ध लगाइएको छ । यी देशहरू अमेरिका, क्यानाडा र मेक्सिकोमा आयोजना हुने आगामी विश्वकप फुटबलका लागि योग्य भए पनि ट्रम्प प्रशासनले खेलाडीहरूलाई मात्र प्रवेश अनुमति दिने स्पष्ट पारेको छ, प्रशंसकहरूका हकमा कुनै प्रतिबद्धता जनाएको छैन ।

आंशिक प्रतिबन्धमा परेका अन्य देशहरूमा एंगोला, एन्टिगुआ र बार्बुडा, बेनिन, डोमिनिका, ग्याबोन, गाम्बिया, मलावी, मौरितानिया, तान्जानिया, जाम्बिया, जिम्बाब्वे तथा पोलिनेसियाली देश टोंगा रहेका छन् । यीमध्ये केही देश अमेरिकाका महत्त्वपूर्ण साझेदारसमेत रहेका छन्, जसलाई पूर्वराष्ट्रपति जो बाइडेनले लोकतन्त्रप्रतिको प्रतिबद्धताका लागि प्रशंसा गरेका थिए ।

शरणार्थी अधिकारका पक्षमा काम गर्ने इसाई संस्था ग्लोबल रिफ्युजले यात्रा प्रतिबन्धले कमजोर र जोखिममा परेका मानिसहरूलाई झनै अप्ठ्यारो अवस्थामा धकेल्ने चेतावनी दिएको छ । संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत कृष ओ'मारा विग्नाराजाहले व्यक्तिगत र प्रमाणमा आधारित मूल्यांकनको सट्टा सम्पूर्ण जनसंख्यालाई सजाय दिने नीति अपनाइएको आरोप लगाएका छन् ।

राष्ट्रपति ट्रम्पले पछिल्ला सार्वजनिक कार्यक्रममा आप्रवासीहरूलाई लक्षित गर्दै विवादास्पद भाषा प्रयोग गर्दै आएका छन् । यसअघि नै सोमाली नागरिकहरूको प्रवेशमा प्रतिबन्ध लगाइसकिएको छ भने अफगानिस्तान, इरान, लिबिया, सुडान, यमनलगायत देशहरू पनि पूर्ण यात्रा प्रतिबन्धमा रहेका छन् ।

यसै क्रममा ह्वाइट हाउसले तुर्कमेनिस्तानले गरेको 'महत्त्वपूर्ण प्रगति' लाई स्वीकार गर्दै त्यस देशका नागरिकलाई गैरआप्रवासी भिसामा अमेरिका प्रवेशको अनुमति पुनः दिन थालिएको जनाएको छ । तर समग्रमा हेर्दा, राष्ट्रपति ट्रम्पको पछिल्लो निर्णयले अमेरिकी आप्रवासन नीतिलाई अझै कठोर बनाएको स्पष्ट देखिएको छ । *रासस/एएफपी*

# बोण्डी अभियुक्तलाई ५९ वटा अपराधको आरोप

**सिड्नी (अस्ट्रेलिया)–** सिड्नीको बोण्डी समुन्द्र तटमा भएको घातक सामूहिक गोलाबारीको जीवित कथित अपराधी नावीद अकवरलाई ५९ वटा अपराधको आरोप लगाइएको अस्ट्रेलियाली प्रहरीले बुधबार जनाएको छ ।

अस्ट्रेलियाको न्यु साउथ वेल्स (एनएसडब्लु) राज्यको प्रहरी बलले बुधबार दिउँसो २४ वर्षीय अकरमलाई ५९ वटा अपराधको आरोप लगाएको छ, जसमा १५ वटा हत्या र एक आतंककारी कार्य गरेको आरोप लगाइएको छ । अधिकारीहरूका अनुसार नाभिद र उनका बुबा साजिद अकरमले आइतबार सिड्नीको प्रसिद्ध बोण्डी समुन्द्र तटमा भएको यहुदी उत्सवमा गोली चलाउँदा १५ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका थिए ।

मंगलबार कोमाबाट उठेपछि बुधबार अकरम प्रहरीको निगरनीमा अस्पतालमा उपचाररत रहेको जनाइएको छ । दोस्रो कथित बन्दुकधारी, अकरमका ५० वर्षीय बुबा साजिदको रूपमा पहिचान गरिएको छ, जसको आक्रमणस्थलमा प्रहरीको गोली लागेर मृत्यु भएको थियो ।

हत्या र आतंकवाद अपराधका साथै नावीद अकरमलाई गम्भीर शारीरिक क्षति पुऱ्याउने उद्देश्यले बन्दुक चलाएको, सार्वजनिक रूपमा प्रतिबन्धित आतंकवादी प्रतीक प्रदर्शन गरेको र क्षति पुऱ्याउने उद्देश्यले भवनमा विष्फोटक राखेको र हत्याको ४० वटा अभियोग लगाइएको थियो ।

अधिकारीहरूले आक्रमण इस्लामिक स्टेटको विचारधाराबाट प्रेरित भएको र नावीद अकरमको गाडीमा इस्लामिक स्टेटका दुईवटा झण्डा र इम्प्रोभाइज्ड *रासस/सिन्ह्वा*

# म्यान्मामा चुनाव 'अवरोध' आरोपमा सयौंमाथि मुद्दा चलाउने तयारी



**यांगुन–** म्यान्माको सैन्य जुन्ताले बुधबार सेनाद्वारा सञ्चालित आगामी चुनावलाई 'अवरोध' गरेको आरोपमा २०० भन्दा बढी व्यक्तिमाथि मुद्दा चलाउने तयारी भइरहेको जानकारी दिएको छ । उक्त कारबाही त्यही कानुनअन्तर्गत अघि बढाइँदै छ, जसलाई मानवअधिकार पर्यवेक्षकहरूले असहमति र आलोचना दमन गर्ने उद्देश्यले ल्याइएको बताएका छन् ।

सैन्य सरकारले डिसेम्बर २८ देखि चरणबद्ध रूपमा सुरु हुने चुनावलाई म्यान्मामा मेलमिलापतर्फको एक महत्त्वपूर्ण कदमका रूपमा प्रस्तुत गर्दै आएको छ । सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि देश गृहयुद्धको चपेटामा पर्दै आएको छ र त्यसयता राजनीतिक तथा सुरक्षा अवस्था अत्यन्तै अस्थिर बनेको छ । तर विपक्षी समूहहरूको नियन्त्रणमा रहेका धेरै क्षेत्रमा मतदान अवरुद्ध हुने तयारी भइरहेको बताइएको छ । यसै कारण प्रमुख अन्तरर्राष्ट्रिय पर्यवेक्षकहरूले यो चुनावलाई सैन्य शासनलाई निरन्तरता दिने बहानाका रूपमामात्र प्रयोग गरिएको भन्दै अस्वीकार गरिरहेका छन् ।

जुन्ताले गत जुलाईमा चुनावलाई 'अवरोध, बाधा र विनाश' बाट जोगाउने नाममा नयाँ कानुन ल्याएको थियो । उक्त कानुनअनुसार चुनावको आलोचना गर्ने, विरोध गर्ने वा मतदान प्रक्रियामा अवरोध पुऱ्याउने आरोप लागेका व्यक्तिलाई १० वर्षसम्म कैद सजाय हुन सक्ने व्यवस्था गरिएको छ ।

सरकारी सञ्चारमाध्यमका अनुसार जुन्ताका गृहमन्त्री तुन तुन नौङले 'निर्वाचन प्रक्रियालाई तोडफोड गर्ने प्रयास गरेको आरोपमा' सोही कानुनअन्तर्गत हालसम्म कूल २२९ जनालाई अभियोजनका लागि पछ्याइँदै आएको जानकारी दिएका छन् । उनको भनाइले सैन्य सरकारले चुनावका नाममा असहमति र विरोधलाई अझ कडाइका साथ नियन्त्रण गर्न खोजिरहेको संकेत दिएको छ । *रासस/एएफपी*

# अन्तर्राष्ट्रिय यातायात मार्ग कार्यान्वयनलाई गति दिने रूस र इरानको प्रतिवद्धता

**तेहरान–** रूस र इरानले दक्षिण एसियालाई उत्तरी युरोपसँग जोड्ने अन्तर्राष्ट्रिय यातायात मार्ग पूरा गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको इरानको सरकारी समाचार एजेन्सी इरनाले जनाएको छ ।

इरानको राजधानी तेहरानमा भएको बैठकमा इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली लारिजानी र रूसी यातायात उपप्रधानमन्त्री भिटाली साभलेभले अन्तर्राष्ट्रिय उत्तर-दक्षिण यातायात कोरिडोर (आइएनएसटिसी) परियोजना सम्पन्न गर्ने विषयमा विचार आदानप्रदान गरेको जनाइएको छ ।

लारिजानीले परियोजना कार्यान्वयन गर्न इरानको तयारीलाई प्रकाश पार्दै आफ्नो देशले निकट भविष्यमा विद्यमान कार्यकारी र संस्थागत अवरोधहरू हटाउने र परियोजनाको कार्यान्वयनलाई कानुनी र प्रशासनिकरूपमा सुदृढ पार्न आवश्यक सम्झौताहरू लागू गर्ने बताएका छन् ।

साभलेभले आफ्नोतर्फबाट इरानको निर्णायक दृष्टिकोणलाई स्वागत गर्दै यस परियोजनालाई यसको परिचालन चरणमा अगाडि बढाउन मस्कोको तयारी रहेको बताएका छन् । दुवै पक्षले दिगो द्विपक्षीय सहयोगलाई सुदृढ गर्न र स्वतन्त्र क्षेत्रीय सम्पर्क मार्गहरू निर्माण गर्न आइएनएसटिसी आफ्नो देशको संयुक्त रणनीतिको हिस्सा भएको कुरामा जोड दिएको जनाइएको छ ।

सन् २०२३ जुलाइमा इरान रूसले आइएनएसटिसीको रूपमा इरानभित्र रेलवे निर्माणका लागि कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेका थिए । जसले १६२ किलोमिटर लामो रेलवेले पूरा भएपछि उत्तरी इरानी सहरहरू राश्त र अस्तारालाई जोड्ने छ । *रासस/सिन्ह्वा*

# मूल्यवृद्धि नियन्त्रण गर्न १२०० खर्ब येनको रेकर्ड बजेट प्रस्ताव



**टोकियो–** जापान सरकारले आगामी आर्थिक वर्षका लागि १२०० खर्ब येन (करिब सात खर्ब ७५ अर्ब अमेरिकी डलर) भन्दा बढीको अहिलेसम्मकै सबैभन्दा ठूलो प्रारम्भिक बजेट प्रस्तावमाथि विचार गरिरहेको जनाएको छ । उच्च मूल्यवृद्धिसँग जुधिरहेको अर्थतन्त्रलाई सहारा दिन आक्रामक खर्च बढाउनुपर्ने प्रधानमन्त्री साने ताकाइचीको जोड यस प्रस्तावमा स्पष्ट रूपमा देखिन्छ ।

यदि यो बजेट स्वीकृत भयो भने यसले आर्थिक वर्ष २०२५ का लागि पूर्वप्रधानमन्त्री शिगेरु इशिबाको कार्यकालमा पारित ११५२ खर्ब येनको अघिल्लो रेकर्डलाई उछिन्ने छ । क्योदो न्युजका अनुसार मुद्रास्फीति (मूल्यवृद्धि) निरन्तर बढिरहेकाले कर्मचारी खर्च र अन्य स्थायी लागतमा वृद्धि हुँदै गएको छ, जसले कमजोर सार्वजनिक वित्तप्रति चिन्ता बढाइरहेका बेला पनि खर्च बढाउने दबाब सिर्जना गरेको छ ।

अप्रिलबाट सुरु हुने आर्थिक वर्ष २०२६ का लागि ब्याज भुक्तानी र बण्ड रिडेम्पसनसहित ऋणसम्बन्धी खर्च २८२ खर्ब येन नाघ्ने अनुमान गरिएको छ । यो फेरि नयाँ रेकर्ड हुने स्रोतहरूले बताएका छन् । जापानले उन्नत अर्थतन्त्रहरूमध्ये सबैभन्दा ठूलो सार्वजनिक ऋणको बोझ पहिले नै बेहोरिरहेको सन्दर्भमा यो विषय थप संवेदनशील बनेको छ ।

यसैबीच, संसद्ले यसै हप्ता बढ्दो जीवनयापन लागत कम गर्ने उद्देश्यले प्रधानमन्त्री ताकाइचीले अघि सारेको विस्तार आर्थिक प्याकेजका लागि आर्थिक वर्ष २०२५ को १८३ खर्ब येनको पूरक बजेट स्वीकृत गरेको छ । उक्त विधेयक गत हप्ता तल्लो सदनबाट पारित भइसकेपछि चालु संसदीय सत्र समाप्त हुनुअघि माथिल्लो सदनबाट पनि पारित भएको हो ।

प्रधानमन्त्री ताकाइचीको लिबरल डेमोक्रेटिक पार्टीको नेतृत्वमा रहेको सत्तारूढ गठबन्धनसँग माथिल्लो सदनमा स्पष्ट बहुमत नभए पनि सरकारले राहत उपायसम्बन्धी विपक्षी दलहरूको केही माग समेटेपछि डेमोक्रेटिक पार्टी फर द पिपुललगायत केही विपक्षी समूहको समर्थन प्राप्त भएको बताइएको छ ।

'जिम्मेवार र सक्रिय सार्वजनिक वित्त' भन्ने नाराअन्तर्गत ल्याइएको यो पछिल्लो प्रोत्साहन प्याकेज आर्थिक वर्ष २०२२ पछि सबैभन्दा ठूलो मानिएको छ । आर्थिक वर्ष २०२२ मा जापानले कोभिड-१९ महामारीका बेला खर्च उल्लेख्य रूपमा बढाएको थियो । कार्यक्रमको मुख्य उद्देश्य मुद्रास्फीतिको असर कम गर्नु र लगानीलाई प्रोत्साहन गर्दै आर्थिक वृद्धिलाई पुनर्जीवित गर्नु हो ।

कर राजस्व २९ खर्ब येनले बढ्ने अपेक्षा गरिए पनि सरकारले नयाँ बण्ड जारी गरी ११७ खर्ब येन जुटाउने योजना बनाएको छ, जसले प्याकेजको ६० प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने क्योदो न्युजले जनाएको छ । यस कदमप्रति वित्तीय बजारले चासो र चिन्ता दुवै व्यक्त गरेको देखिएको छ । पछिल्ला दिनहरूमा येन र जापानी सरकारी बण्डहरूमा बिक्री दबाब बढ्दा दीर्घकालीन ब्याजदर उकालो लागेको छ ।

घरपरिवारलाई बढ्दो खर्चबाट जोगाउन सरकारले राहत उपायका लागि ८९ खर्ब येन छुट्याएको छ । यसमा आगामी वर्षको पहिलो तीन महिनाका लागि बिजुली र ग्यास अनुदान, बच्चा भएका परिवारलाई नगद सहायता तथा स्थानीय सरकारलाई थप आर्थिक सहयोग समावेश छन् ।

यसका अतिरिक्त, संकट व्यवस्थापन र दीर्घकालीन वृद्धिसँग जोडिएका लगानीका लागि ६४ खर्ब येन छुट्याइएको छ, जसलाई प्रधानमन्त्री ताकाइचीले 'बलियो अर्थतन्त्र' निर्माण गर्ने लक्ष्यसँग जोडेकी छन् । पूरक बजेटमा सुरक्षा र कूटनीतिका लागि १७ खर्ब येन पनि राखिएको छ, जसले जापानलाई प्रारम्भिक योजनाभन्दा दुई वर्ष अगाडि नै आर्थिक वर्ष २०२५ मा रक्षा खर्चलाई कूल गार्हस्थ उत्पादन (जिडिपी) को दुई प्रतिशतमा पुऱ्याउने लक्ष्य हासिल गर्न मद्दत गर्ने छ । *रासस/एएनआई*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/०३ गते**

यस कम्पनीको मिति २०८२/०८/१४ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **जानकी विद्या मन्दिर जनकपुर**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **पाथवेज इन्टरनेशनल एकेडेमी (प्रा.लि.नं. ९३९२२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन,२०६३ बमोजिम मिति २०७३।०६।०५ मा प्रा.लि नं.१५६१४३ म दर्ता भएको संकृतन को मिति २०८२।०८।२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन,२०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता संजय कुमार शाह (इजाजत पब नं.३९१)**
बिजुलीबजार, काठमाडौं, सम्पर्क नं. ९८४१४४९३३८)

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन,२०६३ बमोजिम मिति २०७१।०६।२७ मा प्रा.लि नं.१२७४०१ म दर्ता भएको मेडिल्याण्ड को मिति २०८२।०८।२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन,२०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन वाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता संजय कुमार शाह (इजाजत पब नं.३९१)**
बिजुलीबजार,काठमाडौं,सम्पर्क नं. ९८४१४४९३३८)

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## हकदावी गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशित मिति २०८२/०९/०३ गते

यस कार्यालयमा मिति २०७५/०४/०९ मा दर्ता भएको **मैदीकालिका निर्माण सेवा प्राइभेट लिमिटेड (प्रा.लि.नं. १९४०७८** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**गणेशबाबा एग्रो सिड कम्पनी**
**राजापुर न.पा.-८, धोबिनपुर, बर्दिया**

## वार्षिक साधारण सभाको मिति सरेको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०९/०३**

यहि मिति २०८२ कार्तिक २४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार तपसिलको मिति २०८२/०९/०५ गतेका दिनमा यस कम्पनीको वार्षिक साधारण सभा हुने भनिएकोमा कारणवश मिति सरेको जानकारी गराउदै, तपसिलमा तलको नयाँ तालिका अनुसारको मिति तय भएकोले सम्पुर्ण शेयर धनी सदस्यहरूलाई उपस्थितको लागि हार्दिक अनुरोध गरिन्छ । साथै कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा ७७ (३) बमोजिमको प्रतिवेदन निरिक्षणको व्यवस्था मिलाइएको छ ।

**तपसिल :- (नयाँ तालिका)**
मिति :- २०८२/०९/२४ गते
समय :- बिहान ११:०० बजे
स्थान :- कम्पनी कार्यालय प्राङ्गणमा

**छलफलका विषयहरू:-**
- सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
- लेखापरिक्षण प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।
- अगामी वार्षिक योजनामा छलफल गरी पारित गर्ने ।
- **विविध ।**

**नोटः यसबाट पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।**

**शर्मा चौधरी**
**अध्यक्ष**

## युएइमा रोजगार

**कम्पनी : ALNASEEB TECHNICAL SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/०९/०२ | LT. No. 335176 | चलानी नं. ६०२४८८७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Steel Fixer | 7 | 0 | 1200 | ४७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Concrete Mason Assistant | 5 | 0 | 1200 | ४७,५७५ | | | | | | | |
| 3. | Assistant Tile Layer | 4 | 0 | 1200 | ४७,५७५ | | | | | | | |
| 4. | Carpenter Assistant | 4 | 0 | 1200 | ४७,५७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १० गते (25th Dec. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१८**
**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०३**

यस संस्थाको तपशिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने दोस्रो पटक धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएकोछ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिंदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउँदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपशिलः**

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : रमेश पुडासैनी**<br>बुबा : रघुनाथ पुडासैनी<br>बाजे : हेमलाल पुडासैनी<br>ठेगाना : ओखरपौवा-०५, नुवाकोट | **नाम : मुना सापकोटा**<br>बुबा : विष्णु प्रसाद सापकोटा<br>स.बाजे : हेमलाल पुडासैनी<br>ठेगाना : ओखरपौवा-०५, नुवाकोट | ओखरपौवा-०५, नुवाकोट<br>वडा नं ०५<br>कि न. २२८३<br>क्षेत्रफल : ०-१५-०-३ |

**लिलामी तालिका**
**मिति** : २०८२ माग ०७ गते बुधबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका शर्तहरूः**
१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सुचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिक्री सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. सर्त नं. २ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकि हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकि रकम दाखिला नगरेमा सर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यलयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
**डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०**
**Email: savingbachan@gmail.com, Web: www.bachansaving.com**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - २५९७०० | प्रति तोला - ० | प्रति तोला - ४०५५ |

### नेपाल-चीन आर्थिक सहकार्यमा जोड

## 'ढुक्क भएर नेपालमा लगानी गर्दा हुन्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं** – अर्थमन्त्री रामेश्वर खनालले नेपाल-चीन आर्थिक सहकार्य र लगानी वृद्धिमा जोड दिएका छन् ।

राजधानीमा आयोजित नेपाल-चीन आर्थिक सहकार्य र लगानीसम्बन्धी कार्यशालामा मन्त्री खनालले वैदेशिक लगानी भित्र्याउन नेपालले आर्थिक सुधारका विविध कार्यक्रमहरू गर्दै आएकाले चिनियाँ लगानीकर्तालाई ढुक्क भएर नेपालमा पुँजी परिचालन गर्न आग्रह गरे ।

अर्थमन्त्रीले विदेशी लगानी भित्र्याउन नेपालले अनुकूल वातावरण सृजना गरेकाले नेपाल र चीनले आर्थिक सहकार्यका विभिन्न क्षेत्रहरू पहिचान गरी सहकार्य गर्नु अपरिहार्य छ भने ।

नेपालका लागि चीनका राजदूत छन सङले चिनियाँ लगानीकर्ताले नेपालमा आफ्नो उपस्थितिलाई बाक्लो बनाउँदै लगेको बताए । उनले दुई देशबीचको बहुआयामिक सम्बन्धको चर्चा गर्दै औद्योगिक विकास, ऊर्जा, पूर्वाधार निर्माणलगायत क्षेत्रमा नेपालसँग सहकार्य गर्न चिनियाँ लगानीकर्ता इच्छुक रहेका बताए । साथै उनले नेपाललाई आफ्नो मुलुकबाट सक्दो सहयोग हुने प्रतिबद्धता व्यक्त गरे ।

## वित्तीय संघीयता कार्यान्वयन सुदृढ गर्न एडिबीको सहयोग

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपालमा वित्तीय संघीयता कार्यान्वयन, सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा तीनवटै तहका सरकारमा बजेट प्रणाली सुधारका लागि एसियाली विकास बैंक (एडिबी) ले १० करोड अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण सहयोग प्रदान गर्ने भएको छ । सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा सेवा प्रवाह सुधार कार्यक्रमअन्तर्गतको उपकार्यक्रम-२ का लागि यो ऋण उपलब्ध गराउन लागिएको हो ।

अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थसचिव डा घनश्याम उपाध्याय र एसियाली विकास बैंकका नेपालस्थित देशीय निर्देशक आर्नो कोस्वाबीच ऋण सम्झौतामा हस्ताक्षर भएको हो । एडिबीले नीतिमा आधारित ऋणका रूपमा प्रदान गर्ने उक्त रकम बजेटरी सपोर्टका रूपमा नेपाल सरकारलाई उपलब्ध गराइनेछ ।

सम्झौताअनुसार ऋणको भुक्तानी अवधि २४ वर्षको हुनेछ भने आठ वर्षको ग्रेस अवधि रहनेछ । सन् २०३४ फेब्रुअरी १ तारिखसम्म ग्रेस अवधिमा ब्याजदर एक प्रतिशत र त्यसपछि एक दशमलव पाँच प्रतिशत रहने व्यवस्था गरिएको छ ।

सार्वजनिक वित्त व्यवस्थापन सुदृढीकरण तथा सेवा प्रवाह सुधार कार्यक्रमलाई संघीयतासँग प्रत्यक्ष रूपमा जोडिएको उल्लेख गर्दै अर्थसचिव डा उपाध्यायले बलियो वित्तीय व्यवस्थापन प्रणाली निर्माण सरकारको मुख्य लक्ष्य रहेको बताए । उनले भने, 'यो कार्यक्रम संघीय संरचनाअनुसार तीनवटै तहका सरकारको बजेट निर्माण, कार्यान्वयन र नतिजामूलक व्यवस्थापन सुधारमा केन्द्रित छ । यसबाट समग्र बजेट प्रक्रिया सुधार भई सार्वजनिक सेवा प्रवाह प्रभावकारी बन्नेछ ।' उक्त कार्यक्रममार्फत सार्वजनिक खरिद प्रणाली सुधार, वित्तीय अनुशासन प्रवर्द्धन, राजस्व सकलन, क्षमता अभिवृद्धि तथा स्थानीय तहलाई थप सक्षम बनाउँदै समावेशी र नतिजामुखी विकासलाई अघि बढाउने अपेक्षा गरिएको छ ।

कार्यक्रमबारे जानकारी दिँदै एडिबीका देशीय निर्देशक कोस्वाले यो सहुलियतपूर्ण ऋण नेपालको वित्तीय शासन सुधारमा केन्द्रित रहने बताए । उनका अनुसार सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित कानुनी, संस्थागत तथा प्राविधिक सुधारमा सहकार्य गर्दै सबै तहका सरकारका लागि स्रोत योजना प्रणाली, सार्वजनिक संस्थान सूचना व्यवस्थापन प्रणाली निर्माण, मध्यमकालीन खर्च संरचना विकास तथा प्रविधिमैत्री कर प्रणाली निर्माणमा ऋण रकम प्रयोग गरिनेछ ।

उनले भने, 'यो कार्यक्रममार्फत वित्तीय दिगोपना सुनिश्चित गर्नुका साथै राजस्व प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । साथै सम्भावित वित्तीय जोखिम व्यवस्थापनमा सहयोग पुग्नेछ । यसले नेपालको समग्र अर्थतन्त्र सुधार र दिगो विकासमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ ।' सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा अर्थ मन्त्रालयका कर्मचारी तथा अधिकारीका साथै एसियाली विकास बैंकका अधिकारीहरूको उपस्थिति थियो ।

## पाँच महिनामा एक अर्ब १४ करोड राजस्व संकलन

**भद्रपुर (प्रस)–** आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालु आर्थिक वर्ष २०८२/०८३ को मङ्सिर मसान्तसम्ममा रु एक अर्ब १४ करोड ९९ लाख ६३ हजार राजस्व संकलन गरेको छ । संकलन भएको उक्त रकम चालु आवको वार्षिक लक्ष्यको २५ दशमलव ८१ प्रतिशत हो ।

आन्तरिक राजस्व कार्यालयको चालु आवमा रु चार अर्ब ४५ करोड ५० लाख राजस्व संकलन गर्ने लक्ष्य राखेको प्रमुख कर अधिकृत गोपालबहादुर थापाले जानकारी दिए ।

'चालु आवको पहिलो पाँच महिनामा रु एक अर्ब ३६ करोड नौ लाख ७० हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा लक्ष्यको ८४ दशमलव ५० प्रतिशत राजस्व संकलन भयो', उनले भने ।

आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालु आवको पाँच महिनामा आयकरबाट रु ४२ करोड ८८ लाख ३८ हजार, मूल्य अभिवृद्धि करबापत रु ४० करोड ५२ लाख ५८ हजार अन्तःशुल्कबापत रु २६ करोड १० लाख ८४ हजार राजस्व संकलन गरेको छ । गत आव २०८१/०८२ को मङ्सिर मसान्तसम्ममा रु एक अर्ब आठ करोड ८५ लाख २४ हजार राजस्व संकलन भएको प्रमुख कर अधिकृत थापाले जानकारी दिए ।

## नेप्से परिसूचक सामान्य अंकले बढ्यो

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । नेप्से परिसूचक पाँच दशमलव ७० अंकले बढेर दुई हजार ६२५ दशमलव ७० बिन्दुमा कायम भएको हो ।

३३२ कम्पनीको ८५ लाख ९८ हजार ४२४ कित्ता शेयर ५८ हजार ९६ पटक खरिदबिक्री हुँदा रू चार अर्ब पाँच करोड ३७ लाख २० हजार ७८२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । होटल तथा पर्यटन, निर्जीवन बीमा र व्यापार समूहको उपसूचक घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने बाराही हाईड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

## सुन्तला टिप्ने काम खोज्दै धादिङका युवा म्याग्दीमा

**म्याग्दी–** सुन्तला टिप्ने काम खोज्दै धादिङका युवा म्याग्दी आएका छन् । विद्यालय र क्याम्पस तहमा अध्ययन गर्ने उनीहरू पढाइ र घरखर्च चलाउनका लागि कामको खोजीमा सुन्तला टिप्न यहाँका बगैँचामा आएका हुन् । मङ्सिर, पुस र माघमा यहाँका बगैँचामा सुन्तला टिप्न उनीहरू भदौ-असोज र कात्तिकमा भने मुस्ताङमा स्याउ टिप्छन् ।



झण्डै २० जनाको समूहमा गाउँकै ठेकेदारमार्फत बेनी नगरपालिका-४ बास्कुनामा सुन्तला टिप्न आएका धादिङको रुबीभ्याली गाउँपालिका-५ रिका दिलीप घलेले सुन्तला टिप्ने कामबाट मौसमी रोजगारी मिलेको बताए । 'पढाइ र घरखर्च चलाउने पैसा जुटाउनका लागि सुन्तला टिप्न आएको हो', उनले भने, 'तीन महिना काम गरेपछि घर फर्किएर ११ कक्षाको पढाइलाई निरन्तरता दिने हो ।'

यहाँका बगैँचामा सुन्तला टिप्न आउनेमा अधिकांश धादिङ र गोरखाका मजदुर छन् । जिल्लाभर २०० भन्दा बढीले सुन्तला टिप्ने रोजगार पाएका बताइएको छ । यहाँका बगैँचामा फलेका सुन्तला टिप्ने र बजार पठाउन हिजोआज किसान तथा मजदुरलाई भ्याइनभ्याइ छ । सुन्तला टिप्ने काम गर्ने उनीहरूले खाना खाएर मासिक रु १५ देखि २० हजार तथा दैनिक रु ७०० देखि ८०० ज्याला पाउने गरेका छन् ।

बोटमा सुन्तला टिप्ने, ग्रेडिङ, गाडीमा लोड र अनलोड गर्न मजदुरको आवश्यकता पर्छ । सुन्तलाखेती गरेका किसानका साथै स्थानीय र अन्य जिल्लाका मजदुरहरूलाई रोजगारी मिलेको बेनी-३ राखुका भवीकला रानाले बताए । गत वर्ष म्याग्दीबाट रु ३३ करोड मूल्य बराबरको चार हजार ७८१ मेट्रिक टन सुन्तला बिक्री भएको थियो । जिल्लाभर ८१० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकामा ४२५ हेक्टरमा फल लाग्ने गरेको कृषि विकास कार्यालयले जनाएको छ । कार्यालय प्रमुख सञ्जिव बास्तोलाले यस वर्ष पनि गत वर्षको मात्रामा सुन्तला उत्पादन हुने अनुमान गरिएको बताए ।

राखु, मरेक, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दा बढी सुन्तला बगैँचा छन् । जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिनलगायतका बजारमा सुन्तला बिक्री हुने गरेको छ । यातायात सुविधा भएकाले व्यापारी सुन्तला किन्न गाडी लिएर बगैँचामै आउने गरेका छन् । *रासस*

## जुम्लामा १८ हजार मेट्रिकटन स्याउ उत्पादन

■ प्रभाव संवाददाता

**जुम्ला** – जुम्लामा यो वर्ष करिब १८ हजार २४५ मेट्रिकटन स्याउ उत्पादन हुँदा रु ४१ करोड २९ लाख ८९ हजार आम्दानी भएको छ । जिल्लस्थित कृषि विकास कार्यालयको तथ्यांकअनुसार यहाँका आठवटै स्थानीय तहका २४ हजार ८३८ परिवारमध्ये १९ हजार १५० परिवार स्याउखेतीमा संलग्न छन् ।

जिल्लामा कूल खेतीयोग्य जमिन ३९ हजार ४३५ हेक्टर रहेको कार्यालयले जनाएको छ । त्यसमध्ये स्याउखेती गरिने क्षेत्रफल आव २०८१/८२ मा चार हजार ३२५ हेक्टर रहेकामा चालु आवमा बढेर चार हजार ४४५ हेक्टर पुगेको कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिए । उनका अनुसार चालु आवमा दुई हजार १२५ हेक्टरमा मात्रै स्याउ फलेको हो ।

पछिल्लो समय जिल्लामा स्याउखेती गर्ने किसान बढ्दै गएका छन् । आव २०८१/८२ मा स्थानीय जातका र उच्च घनत्व (फुजी) स्याउको कूल उत्पादन आव २० हजार ५१२ मेट्रिकटन भएको थियो । चालु आवमा उत्पादन घटेर १८ हजार २४५ मेट्रिकटन भएको कृषि विकास कार्यालय प्रमुख अधिकारीले जानकारी दिए । उनका अनुसार यो वर्ष असिना र वेमौसमी वर्षाले गर्दा १० प्रतिशतले उत्पादन घटेको हो ।

अहिले एक हजार ७६५ मेट्रिकटन स्याउ भण्डारगृहमा राखिएको छ । यो वर्ष जिल्लामा स्याउ बिक्रीमा संलग्न किसान सात हजार ३५० र व्यापारी ६०३ रहेका कृषि विकास कार्यालय प्रमुख अधिकारीले बताए । नासो र कोसेलीमार्फत दुई हजार ६४८ मेट्रिकटन स्याउ जिल्लाबाट निर्यात भएको उनले जानकारी दिए ।

जिल्लामा हाल ५२ हेक्टर क्षेत्रफलमध्ये ४० हेक्टरमा उच्च घनत्वको स्याउ उत्पादन हुने गरेको छ । यो वर्ष जिल्लामा ५८६ मेट्रिकटन उच्च घनत्व जातको स्याउ उत्पादन भएको जनाउँदै उनले त्यसमध्ये ४२७ मेट्रिकटन निर्यात भएको बताए ।

जिल्लामा हाल उत्पादित स्याउका जातहरूमा 'रेडडेलिसियस', 'रोयलडेसियस', 'गोल्डेन डेलिसियस', 'रिचारेड' र 'जनाधन' रहेका कृषि विकास कार्यालयले जनाएको छ । हाल उत्पादित उन्नत जातमध्ये फुजी गाला (इटालियन जात)को स्याउखेती हुने गरेको प्रमुख अधिकारीको भनाइ छ ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले नयाँ सिफारिस गरेका जातमध्ये 'स्टारकिमसन', 'डेलिसियस', 'बाइट एन अर्ली' र 'स्टार्क स्पर गोल्डेन' जात रहेका भन्दै उनले सोको खेतीबारे अध्ययन भइरहेको जानकारी दिए । गत वर्षको तुलनामा स्याउ उत्पादन कम भए पनि यो वर्ष किसानले मूल्य पाएकाले आम्दानी भने बढी भएको अनुमान गरिएको उनले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ